# गोदावरी नगरपालिकाको रोजगार रणनीति

**(आ.व. २०८३/०८४ - २०८७/०८८ सम्म)**

**गोदावरी नगरपालिका**

अत्तरिया, कैलाली

२०८३

**विषय सूची**


खण्ड १ - ........ 1

**१रणनीतिक सन्दर्भ** ........ 1

**१पृष्ठ .१.भूमिः** ........ 1

**१रोजगार रणनीतिको आवश्यकता ३./औचित्यः** ........ 3

**१अध्ययन पद्धति ४.ः** ........ 5

**१अध्ययनको क्षेत्र ५.ः** ........ 5

**१ः सीमा ६.** ........ 6

खण्ड -२ ........ 7

**२वर्तमान अवस्थाको विश्लेषण १.** ........ 7

खण्ड ३ - ........ 15

**३रणनीतिक विश्लेषण १.** ........ 15

खण्ड ४ - ........ 18

**४रणनीतिक सवालहरू १.** ........ 18

खण्ड ५ - ........ 19

**५दूरदृष्टि ध्येय र उद्देश्य १.** ........ 19

खण्ड ६ - ........ 20

**६रणनीतिक लक्ष्यहरू १.** ........ 20

खण्ड -७ ........ 21

**७रणनीतिक स्तम्भ १., प्रमुख रणनीतिहरू** ........ 21

खण्ड पाँच वर्षको रणनीतिक कार्ययोजना ८ -(२०८३(०८८/२०८७ - ०८४/ ........ 27

खण्ड ९ - ........ 52

**स्रोत परिचालन र बजेटको व्यवस्थापन** ........ 52

खण्ड १० - ........ 53

**रणनीतिक योजनाको निर्देशक समिति अनुगमन र मूल्याङ्कनसम्बन्धी व्यवस्था** ........ 53

खण्ड ११ - ........ 55

**जोखिम व्यवस्थापन** ........ 55

खण्ड - १

## १. रणनीतिक सन्दर्भ

### १.१. पृष्ठभूमिः

नेपालको संविधानले सबै नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्दै श्रम र रोजगारलाई मर्यादित, सुरक्षित, शोषणमुक्त र उत्पादनमुखी बनाउने स्पष्ट मार्गनिर्देश गरेको छ | संविधानको धारा ३३ मा रोजगारीको हक, ३४ र ५१ (झ) राज्यका नीतिहरू अन्तर्गत श्रम र रोजगारसम्बन्धी नीतिमा यस विषयमा स्पष्ट दायित्व र दिशानिर्देश गरेको पाइन्छ। यसका लागि श्रम ऐन २०७४, रोजगारीको हकसम्बन्धी ऐन, २०७५ र विभिन्न कार्यविधिहरूले कानुनी आधार प्रदान गरेका छन्। वैदेशिक रोजगारमा सुरक्षित सहभागिता, सीपयुक्त जनशक्ति विकास र विप्रेषणको उत्पादनमुखी उपयोगलाई प्राथमिकतामा राख्दै रोजगारी प्रवर्द्धनका नीतिहरू तयार पारिएका छन्।

रोजगारी सृजनाका लागि संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय मजबुत बनाउँदै स्रोत-साधनको अधिकतम प्रयोग गर्नुपर्ने आवश्यकता स्पष्ट देखिन्छ। यस सम्बन्धमा नेपालको संविधानको धारा २३२ मा संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने भन्ने उल्लेख छ। रोजगारसम्बन्धी मौलिक अधिकारको कार्यान्वयनन, सीप विकास, उद्यमशीलता प्रवर्द्धन तथा न्यूनतम रोजगारी सुनिश्चितताजस्ता विषयमा स्थानीय तहको अग्रसरता आजको सन्दर्भमा अनिवार्य भएको छ। रोजगार नीतिहरूले श्रमिक हक संरक्षण, प्रतिस्पर्धी श्रम शक्ति विकास, र समावेशी सामाजिक न्यायलाई प्राथमिकतामा राखेका छन्। यसका साथै अन्तर्राष्ट्रिय श्रम सङ्गठनका विभिन्न अभिसन्धिहरू र दिगो विकास लक्ष्यले मर्यादित र सुरक्षित रोजगारी सर्वव्यापी सामाजिक सुरक्षा र श्रमको उत्पादकत्व अभिवृद्धि गर्ने प्रत्याभूति गरेका छन्।

नेपालको संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको लक्ष्य, अन्तर्राष्ट्रिय सन्धि, महासन्धि र प्रतिवाद्धताहरू, दिगो विकास लक्ष्य एवम् १६ औं योजनाले परिलक्षित गरेका उद्देश्यहरू प्राप्त गर्नका लागि श्रमलाई मर्यादित बनाउने, उत्पादनशील रोजगारीको प्रवर्द्धन, आन्तरिक रोजगारीका अवसरहरूको सिर्जना गर्ने र दिगो सामाजिक सुरक्षा सुनिश्चितता जस्ता विषय वस्तुहरू महत्वपूर्ण आयामको रूपमा रहेका छन्। यसका लागि संविधानले निर्दिष्ट गरेको प्रक्रियाबमोजिम श्रम र रोजगारीका विषयहरूलाई व्यवस्थित गर्न सबै तहका सरकारबीच कामको बाँडफाडसहित कानुनी र संस्थागत प्रबन्ध गरिएको छ।

### १.२ विध्यमान नीतिगत तथा कानुनी व्यवस्थाः

**क) संवैधानिक व्यवस्थाः** नेपालको संविधानले श्रम, रोजगारी र सामाजिक सुरक्षालाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। धारा ३३ अनुसार प्रत्येक नागरिकलाई छनोटको अवसरसहित रोजगारीको

हक र धारा ३४ मा श्रमिकलाई उचित श्रम अभ्यास, पारिश्रमिक, ट्रेड युनियनमा सहभागी हुने र सामाजिक सुरक्षाको हक प्रदान गरिएको छ। यसका साथै धारा ४३ ले विपन्न, अपाङ्गता भएका, एकल महिला तथा लोपोन्मुख जातिका नागरिकलाई सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ। यसैगरी, धारा ५१ (झ) मा श्रम तथा रोजगारसम्बन्धी नीतिहरूमा देशको मुख्य सामाजिक, आर्थिक शक्तिको रूपमा रहेको श्रम शक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, मर्यादित श्रमको अवधारणा अनुरुप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने र श्रमिक उद्यमी र व्यवसाय बीच असल सम्बन्ध कायम गर्दै व्यवस्थापनमा श्रमिकको सहभागिता प्रोत्साहन गर्ने वैदेशिक रोजगारीलाई शोषणमुक्त सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूत गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने साथै वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी सीप प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति रहेको उल्लेख गरिएको छ। त्यस्तै, धारा ५१ (ञ) मा असहाय, एकल महिला तथा विपन्न वर्गलाई रोजगारीमा प्राथमिकता दिँदै सामाजिक न्याय र समावेशीकरणको सुनिश्चितता गरिएको छ।

नेपालको संविधानको अनुसूची ५ देखि ९ सम्म तीनवटै तहको सरकारको अधिकार सूची व्यवस्थित गरिएको छ। जस अन्तर्गत अनुसूची ८ (१७) मा बेरोजगारको तथ्याङ्क सङ्कलनको विषय स्थानीय तहको अधिकारक्षेत्र उल्लेख गरिएको छ भने अनुसूची ९ (१०) मा सामाजिक सुरक्षा र गरिबी निवारणको विषय संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्रको सूचीमा उल्लेख गरिएको छ।

**ख) नीतिगत तथा कानुनी व्यवस्थाः**

- वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने लक्ष्य एवम् नेपालको जनशक्तिलाई अन्तर्राष्ट्रिय श्रम बजारको मागअनुसार सीप विकास गरी दक्ष र प्रतिस्पर्धी बनाउने उद्देश्यसहित वैदेशिक रोजगार नीति, २०६८ र श्रमशक्तिलाई उत्पादनशील र सुरक्षित रोजगारीमा संलग्न गराई अर्थतन्त्र सबल बनाउने तथा गरिबी निवारणमा योगदान पुऱ्याउने दृष्टिकोणसहित राष्ट्रिय रोजगार नीति, २०७१ लागू गरिएको छ। यसैगरी, कार्यस्थलमा श्रमिकको सुरक्षा, स्वास्थ्य र वातावरणमा सुधार ल्याउने र व्यवसायजन्य जोखिम न्यूनीकरण गर्ने उद्देश्यले राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६ कार्यान्वयननमा रहेको छ। यी नीतिहरूले नेपाली श्रम बजारलाई दक्ष, सुरक्षित र सामाजिक न्यायमा आधारित बनाउने प्रयत्न गरेका छन्।
- प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न आफ्नो क्षमता अनुसारको रोजगारी छनोट गर्न अवसर प्रदान गर्न तथा रोजगारीको शर्त अवस्था तथा बेरोजगार सहायता सम्बन्धी आवश्यक व्यवस्था गर्न रोजगारी हक सम्बन्धी ऐन र नियमावली, २०७५ कार्यान्वयननमा रहेको छ, आन्तरिक श्रम प्रशासनलाई व्यवस्थित बनाई सबै किसिमको विभेद अन्त्य गर्दै असल औद्योगिक

श्रम सम्बन्ध स्थापित गर्न बोनस ऐन र नियमावली, २०३९ ट्रेड युनियन ऐन, २०४९ नियमावली, २०५०, बालश्रम (निषेध र नियमित) गर्ने ऐन, २०५६, नियमावली, २०६२, श्रम ऐन, २०७४ र नियमावली, २०७५ कार्यान्वयननमा रहेका छन्।

- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने उद्देश्यले वैदेशिक रोजगार ऐन, २०६४ र नियमावली, २०६४ वैदेशिक रोजगार न्यायधिकरण नियमावली २०६८ कार्यान्वयननमा रहेका छन्। संविधानमा मौलिक हकको रूपमा स्थापित श्रमको हक अन्तर्गत रहेको योगदानमा आधारित सामाजिक सुरक्षालाई प्रत्याभूत गर्न योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ नियमावली, २०७५ कार्यान्वयननमा रहेका छन्।
- संविधानबमोजिम स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयनन गर्न, रोजगार सेवा, रोजगारी प्रवर्द्धन र बेरोजगारहरूको तथ्याङ्क सङ्कलन लगायतका विषयमा संघ, प्रदेश र स्थानीय तह बिचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयननमा रहको छ।
- श्रम, रोजगार तथा सामाजिक सुरक्षासँग सम्बन्धित माथि उल्लेखित ऐन र नियमावलीबमोजिम संघ, प्रदेश र स्थानीय तहमा विभिन्न कार्यविधि, मापदण्ड, निर्देशिका तर्जुमा भई कार्यान्वयननमा रहेका छन्।

### १.३ रोजगार रणनीतिको आवश्यकता/औचित्यः

स्थानीय तहमा दिगो, समावेशी र मर्यादित रोजगारीको प्रवर्द्धन गर्नु आजको अत्यन्त महत्वपूर्ण आवश्यकता बनेको छ। एकातिर उत्पादनशील उमेर समूहको ठूलो हिस्सा बेरोजगार रहनु र अर्कोतर्फ सीपयुक्त जनशक्तिको अभाव, श्रम बजारको माग र आपूर्तिबीचको असन्तुलन र लगानीमैत्री वातावरणको अभावले गर्दा श्रम शक्ति विदेश पलायन भइरहेको यथार्थ हाम्रो सामु प्रष्ट देखिन्छ। यसले जनशक्ति र सीपको मूल्यवान पूँजीलाई निरन्तर गुमाउने अवस्था सिर्जना गरेको छ। स्थानीय तहले जनशक्तिको समुचित उपयोग गरी रोजगारी सृजना गर्नुपर्ने संवैधानिक, कानूनी तथा नैतिक दायित्व वहन गरिरहेको सन्दर्भमा रोजगार रणनीति तर्जुमा अपरिहार्य भएको हो।

स्वरोजगारमा आधारित उद्यमशीलता प्रवर्द्धनसम्बन्धी नीति तथा कार्यक्रमको समय सापेक्ष परिमार्जन एवम् प्रभावकारी कार्यान्वयननको अभाव, रोजगार, बेरोजगार, दक्ष, अर्धदक्ष र अदक्ष श्रमशक्तिको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापनाका विषयहरूले गति लिन नसक्नु, आन्तरिक श्रम बजारको मागको सम्बोधन र युवा जनशक्तिलाई स्वदेशमै श्रम बजारमा समायोजन गर्न नसक्नु लगायतका समस्याहरूले गर्दा धेरै युवाहरू आफ्नो जीवन, श्रम र भविष्यका लागि देश छोड्न बाध्य भैरहेका छन्। संघात्मक राज्यव्यवस्था प्रणालीको अभ्यासको चरणमा नागरिकको रोजगारीको हक सुनिश्चित गर्न र दिगो विकासको आधार तयार गर्नका लागि समेत तहगत सरकारहरूको कार्यसम्पादनमा

सामञ्जस्यता कायम गर्ने विषय चुनौतिपूर्ण बन्दै गैरहेको छ। अतः तिनै तहको सरकारका दिर्घकालिन, आवधिक एवम् वार्षिक योजना तथा कार्यक्रमहरूले परिलक्षित गरेका लक्ष्यहरूका विचमा तादम्यता कायम गर्न, श्रम र रोजगारीको क्षेत्रमा देखिएका विद्यमान समस्याहरूको उजागर एवम् चुनौतीहरूको आंकलन गर्दै हालसम्म प्राप्त उपलब्धीहरू, असल अभ्यासहरूका आधारमा स्थानीय तहबाट प्रवाह गरिने सेवाहरूलाई समय सापेक्षा रुपान्तरण गर्न, श्रम तथा रोजगारीका सम्बन्धमा संघीय, प्रादेशिक सरकारको दिर्घकालिन सोंचसँग तादम्यता हुनेगरी रणनीति तय गर्न र बिध्यमान नीति तथा कानुनी व्यवस्थालाई एकीकृत एवम् प्रभावकारी रूपमा कार्यान्वयनन गर्दै मर्यादित श्रम, उत्पादनशील रोजगारी र दिगो सामाजिक सुरक्षासहितको समृद्धि हासिल गर्न टेवा पुर्याउनका यो रोजगार रणनीति तयार गरिको हो। प्रस्तुत सन्दर्भमा यस रोजगार रणनीतिको आवश्यकता औचित्यलाई देहायबमोजिम उल्लेख गरिएको छ।

- संघ, प्रदेश र स्थानीय सरकारका विकास कार्यक्रमहरू बीच सामञ्जस्यता कायम गरी तिनीहरूको प्रभावकारी कार्यान्वयनन गर्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षासँग सम्बन्धित दिर्घकालिन राष्ट्रिय लक्ष्य प्राप्तिको लागि योगदान गर्न।
- स्थानीय श्रम बजारको माग र आपूर्ति विश्लेषण गरी समय सापेक्ष नीति, कानुन तथा योजना तर्जुमा एवम् आन्तरिक रोजगारी प्रवर्द्धनका लागी श्रम बजार सूचना प्रणालीको सुदृढीकरण गर्न।
- मर्यादित रोजगारीको वातावरण निर्माणका लागि रोजगारीको गुणस्तर सुधार, सीप विकास, प्राविधिक शिक्षाको प्रवर्द्धन र जनशक्ति परिचालन लगायतका विषयहरूमा रणनीतिक मार्गनिर्देशन गर्न।
- सीपयुक्त जनशक्तिलाई स्वदेशमै रोजगारीमा समायोजन गरी वैदेशिक पलायन न्यूनीकरण गर्न र वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको सीप, अनुभव र पूँजीलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्न।
- रोजगारी सृजनासँग सम्बन्धित पूर्वाधार विकास, लगानी आकर्षण, तथा निजी क्षेत्रको सहभागिता अभिवृद्धि गर्दै रोजगारीमार्फत सामाजिक सुरक्षा, गरिबी निवारण, आर्थिक समावेशीकरण र दिगो विकासको आधार तयार गर्न।
- रोजगारीको अवसरमा सबै वर्गको पहुँच सुनिश्चित गर्दै समावेशी, मर्यादित र दिगो रोजगार सेवा सुनिश्चित गर्न।
- सार्वजनिक रोजगार सेवाको सुदृढीकरण गर्दै रोजगार सेवालाई जवाफदेही, पारदर्शी, जनमुखी, प्रबिधि मैत्री एवम् व्यावसायिक बनाई सुशासन प्रवर्द्धन गर्न।

### १.४ अध्ययन पद्धतिः

स्थानीय तहको रोजगार रणनीति तयार गर्न गुणात्मक र परिमाणात्मक दुवै अध्ययन पद्धति अपनाइएको छ। अध्ययनको उद्देश्य स्थानीय स्तरमा विद्यमान रोजगारीको अवस्था, अवसर, चुनौती तथा स्रोत साधनको पहिचान गरी व्यवहारिक र आवश्यकता अनुरूप रणनीति निर्माण गर्नु हो। यसका लागि प्राथमिक सूचना/जानकारी सङ्कलन गर्न वडा र नगरपालिका स्तरका जनप्रतिनिधि, रोजगार समन्वयकर्ता, निजी क्षेत्रका प्रतिनिधि, स्थानीय युवाहरू, सीप तालिम प्रदायक संस्था, श्रमिक संघ तथा अन्य सरोकारवालासँग अन्तरवार्ता, समूह छलफल तथा प्रत्यक्ष अवलोकन विधिहरू प्रयोग गरियो। साथै, श्रम रोजगारसम्बन्धी द्वितीय सूचना/जानकारीहरू नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, अन्तर्राष्ट्रिय श्रम संगठन, लगायतका संघ, संस्था, निकायहरूको नीतिगत, कानुनी दस्तावेज तथा अन्य अध्ययन प्रतिवेदनहरूलाई आधार मानेर सङ्कलन गरियो।

प्राथमिक सूचना/जानकारी सङ्कलनका लागि स्थानीय तहको रोजगार रणनीति निर्माणसम्बन्धी मार्गदर्शन, २०८० को अनुसूची २ र ३ बमोजिम संरचित प्रश्नावली, अन्तरवार्ता मार्गदर्शक, तथा आवश्यकताका आधारमा चेकलिष्टको प्रयोग गरिएको थियो। प्राप्त जानकारीलाई विषयगत रूपमा वर्गीकरण गरी आवश्यकता, स्रोत र सम्भावनाको आधारमा विश्लेषण गरियो। अध्ययन प्रक्रियामा स्थानीय तहका प्रतिनिधिहरू, सरोकारवालाहरू र विषय विज्ञहरूको समेत सहभागिता सुनिश्चित गरी रणनीति तर्जुमा समावेशी र सहभागितामूलक बनाइएको छ। यसले रणनीति व्यवहारमा कार्यान्वयननयोग्य र स्थानीय सन्दर्भमा सान्दर्भिक हुने सुनिश्चित गरेको छ।

### १.५ अध्ययनको क्षेत्रः

गोदावरी नगरपालिका रोजगार रणनीति तर्जुमाको सन्दर्भमा अध्ययन क्षेत्रको रूपमा नगरपालिकाको सामाजिक, आर्थिक, भौगोलिक र संस्थागत पाटोलाई समेट्ने गरी निर्धारण गरिएको छ। यसमा नगरपालिका अन्तर्गत रहेका सबै १२ वटै वडाहरूलाई समेट्दै विभिन्न सामाजिक, आर्थिक पृष्ठभूमिका जनसंख्याको अवस्था, रोजगारीको पहुँच, सीपस्तर, श्रम आपूर्ति र मागको अवस्थालाई समग्रमा बुझ्ने प्रयास गरिएको छ।

यस अध्ययनले गोदावरी नगरपालिकाको कृषि, पशुपालन, सेवा, पर्यटन, निर्माण, वैदेशिक रोजगार, लघु उद्यम तथा स्वरोजगार क्षेत्रहरूमा रहेको रोजगार अवसरहरूको पहिचान र विश्लेषणलाई मुख्य आधार बनाएको छ। साथै, नगरपालिकाभित्र रहेका सीप, तालिम प्रदायक संस्था, वित्तीय संस्थाहरू, रोजगारीसम्बन्धी सरकारी तथा गैरसरकारी कार्यक्रमहरूको पहुँच र प्रभावकारिता पनि अध्ययनको क्षेत्रभित्र समावेश गरिएको छ। जनसंख्याको उमेर समूह, लिङ्ग, शिक्षा, सीपस्तर, र आर्थिक स्थिति जस्ता सूचकहरूलाई ध्यानमा राखी रोजगारीको वर्तमान अवस्था र सम्भावनाहरू पहिचान गरिएका छन्।

अध्ययन क्षेत्र अन्तर्गत स्थानीय युवाहरूको वैदेशिक रोजगारीतर्फको आकर्षण, महिला तथा विपन्न वर्गको रोजगारीमा पहुँच, आप्रवासी श्रमिकहरूको स्थिति, तथा मौसमी रोजगारीका स्वरूपहरूबारे समेत अध्ययन गरिएको छ। नगरपालिकामा रोजगारी सृजनाका लागि आवश्यक नीति, कार्यक्रम, लगानीको सम्भाव्यता, र निजी क्षेत्रसँगको सहकार्यका सम्भावनाहरूसमेत अध्ययन क्षेत्रभित्र समावेश गरिएको छ। यसले स्थानीय आवश्यकता र अवसरका आधारमा व्यवहारिक, समावेशी र दीगो रोजगार रणनीति तर्जुमा गर्न मद्दत गर्ने अपेक्षा गरिएको छ।

## **१.६ सीमा :**

गोदावरी नगरपालिकाको रोजगार रणनीति तयार गर्दा अध्ययनको सीमा स्पष्ट रूपमा निर्धारण गरिएको छ ताकि रणनीतिले व्यावहारिक, सान्दर्भिक र कार्यान्वयननयोग्य मार्गनिर्देशन प्रदान गर्न सकोस्। यो अध्ययन नगरपालिकाको भौगोलिक सीमाभित्र सीमित छ, जसमा नगरभित्रका १२ वटै वडाहरू समेटिएका छन्। अध्ययनले स्थानीय तहको सामाजिक, आर्थिक, भौगोलिक तथा पूर्वाधार अवस्थालाई ध्यानमा राखी रोजगारीको अवस्था, अवसर, आवश्यकता र चुनौतीहरू पहिचान गर्ने प्रयास गरेको छ। यस अध्ययनले रोजगारसँग सम्बन्धित मुख्य क्षेत्रहरूमा केन्द्रित रहँदै कृषि, पर्यटन, घरेलु उद्योग, निर्माण, सेवा क्षेत्र, युवा उद्यमशीलता, सीप विकास तथा वैदेशिक रोजगारसम्बन्धी पक्षहरू समेटेको छ। अध्ययनको केन्द्रविन्दु रोजगारी सिर्जना गर्ने सम्भावनाहरू पहिचान गर्नु हो, त्यसैले अनौपचारिक क्षेत्रका कामदार, विपन्न समुदायका युवाहरू, महिला, अपाङ्गता भएका व्यक्तिहरू लगायत रोजगारमा पहुँच कम भएका वर्गलाई विशेष प्राथमिकता दिइएको छ।

अध्ययनको समयसीमा, स्रोत र उपलब्ध तथ्याङ्कको सीमिततालाई ध्यानमा राखी केही पक्षहरूमा गहिरो विश्लेषण सम्भव नहुन पनि सक्छ। साथै, रणनीति तर्जुमा गर्दा समावेश गरिएका सुझावहरू सङ्कलनको समयमा उपलब्ध सहभागीहरूको अनुभव र धारणा आधारित रहेकाले समयानुकूल अद्यावधिक आवश्यक हुन सक्छ। तथापि, अध्ययनले नगरपालिकाको सन्दर्भअनुसार व्यवहारिक, सहभागितामूलक र कार्यान्वयननमुखी रणनीतिक खाका प्रस्तुत गर्ने लक्ष्य राखेको छ।

## २.१ वर्तमान अवस्थाको विश्लेषण

गोदावरी नगरपालिका सुदुरपश्चिम प्रदेशको कैलाली जिल्लामा अवस्थित एक महत्वपूर्ण स्थानीय तह हो। राष्ट्रिय जनगणना २०७८ का अनुसार यस नगरपालिकाको कुल जनसंख्या ९८,७४६ रहेको छ। कुल जनसंख्याको ५२.७ प्रतिशत अर्थात् ५२,०५४ महिला र ४७.३ प्रतिशत अर्थात् ४६,६९२ पुरुष रहेका छन्।जनघनत्वको हिसाबले यहाँ प्रतिवर्ग किलोमिटरमा ३२० जना बसोबास गर्छन्।यस नगरपालिकामा जम्मा २१,२५० परिवार रहेका छन्।समग्र साक्षारता दर ७९.४ प्रतिशत रहेको छ भने लैङ्गिक आधारमा ८७.८ प्रतिशत पुरुष र ७२.० प्रतिशत महिला रहेका छन्।यस नगरपालिकाको कुल जनसङ्ख्यामध्ये १५ देखि ५९ वर्ष उमेरसम्मको जनसङ्ख्या ६१,०५२ रहेको छ।जसमध्ये २७,२७० पुरुष र ३३,७८२ महिला रहेका छन्। यो उमेर समूहलाई आर्थिक रूपले सक्रिय उमेर समूहको रूपमा पनि हेर्न सकिन्छ।

गोदावरी नगरपालिकामा आर्थिक रूपमा क्रियाशील जनशक्तिको अवस्था मिश्रित देखिन्छ।कुल जनासंख्याको ८१,००६ लाई आधार मानेर हेर्दा ५०.३ प्रतिशत अर्थात् ४०,७५१ जना मानिसहरू कुनै पनि आर्थिक क्रियाकलापमा संलग्न छैनन्, जुन एकदमै उच्च अनुपात हो।यसमध्ये महिला (५५.३ प्रतिशत) को सहभागिता पुरुष (४४.४ प्रतिशत) भन्दा बढी नभएको पाइनुले महिलाको आर्थिक क्रियाशीलतामा कमी देखिन्छ।त्यसैगरी, ६ महिना भन्दा बढी समय काम गर्ने जनसंख्या २९.३ प्रतिशत अर्थात् २३,७६५ जना मात्र छन्, जसले पूर्ण वा दीर्घकालीन रोजगारीको पहुँच सीमित भएको संकेत गर्छ। यस्तै, ३ महिनाभन्दा कम समय काम गर्ने १३ प्रतिशत (८,२८३ जना) र ३ देखि ६ महिना काम गर्ने १०.१ प्रतिशत (८,२०७ जना) रहेका छन्, जसले गरीबी, बेरोजगारी तथा अस्थायी रोजगारीको समस्या विद्यमान रहेको देखाउँछ।(रा.ज.ग. २०७८)
आर्थिक रूपले निष्कृय हुनका विभिन्न कारणहरू पनि देखिएको छ जस अन्तर्गत विद्यार्थी, अन्य घरायसी काम, वृद्ध घरायसी कर्म, अपाङ्गता भएको, पेन्सन र सामाजिक कार्यमा संलग्न भएका कारणले पनि आर्थिक रूपमा निष्क्रिय भएको पाइएको छ।जस अन्तर्गत ५७,२४१ जनामध्ये २०,४५७ विद्यार्थी रहेका छन् जस अन्तर्गत १०,१३९ जना पुरुष र १०,३१८ जना महिलाहरू रहेका छन्।त्यसैगरी अन्यमा १४ हजार ०९३ अर्थात् २४.६ प्रतिशत जसमध्ये ५,८६१ जना २६.१ प्रतिशत पुरुष र ८,२३२ अथवा २३.७ प्रतिशत महिला रहेका छन्।घरायसी कामका कारण आर्थिक रूपमा निष्क्रिय भएको कुल जनसङ्ख्या १२,७२३ अथवा २२.२ प्रतिशत रहेको छ भने जस अन्तर्गत २,३९९ अर्थात् १०.७ प्रतिशत पुरुष र १०,३२४ अर्थात् २९.७ प्रतिशत महिला रहेका छन्। वृद्ध अवस्थाका कारण आर्थिक रूपमा क्रियाशील नभएको जनसङ्ख्यामा कुल निस्क्रिय जनसङ्ख्याको ४,२३५ अर्थात् ७.४ प्रतिशत रहेको छ।त्यसैगरी घरायसी कर्म अन्तर्गत १,३५२ अर्थात् ६ प्रतिशत त्यसैगरी अपाङ्गता

भएको ९२१ अर्थात् १.६ प्रतिशत र पेन्सन प्राप्त भएका कारण आजको दिनमा निस्क्रिय भएको जनसङ्ख्या ३४५ अथवा १.५ प्रतिशत भने सामाजिक कार्यमा संलग्न भएका कारणले गर्दा आर्थिक रूपमा निष्क्रिय भएको जनसङ्ख्या १६० जना अथवा ०.३ प्रतिशत रहेको छ जस अन्तर्गत ०.५ प्रतिशत ११५ जना पुरुष र। ०.१ प्रतिशत महिला रहेका छन्।(रा.ज.ग. २०७८)
औद्योगिक क्षेत्रको आधारमा हेर्दा, सबैभन्दा बढी जनसंख्या कृषि क्षेत्रमा संलग्न देखिन्छ, जहाँ कुल ४०,२५५ जनसंख्याको ४२.५ प्रतिशत अर्थात् १७,१२८ जना संलग्न छन्। यसले नगरपालिकाको अर्थतन्त्र अझै पनि कृषि प्रधान रहेको संकेत गर्छ। दोस्रो ठूलो क्षेत्र थोक व्यापार हो, जहाँ १८.५ प्रतिशत अर्थात् ७,४५२ जना संलग्न छन्, जुन बजार र कारोवारको बढ्दो विकासतर्फ संकेत गर्दछ। निर्माण क्षेत्रमा पनि उल्लेख्य १३.२ प्रतिशत अर्थात् ५,३०१ जनाको संलग्नता छ, जुन नगरपालिकाको शहरीकरण तथा पूर्वाधार विकाससँग सम्बन्धित देखिन्छ। त्यस्तै, अन्य सेवा क्षेत्र, यातायात, शिक्षा, उत्पादन, आवास, सार्वजनिक प्रशासन, वित्त, स्वास्थ्य, खानी, बिजुली, घरायसी क्रियाकलाप, पेशाविद, जानकारी, पानी तथा व्यवस्थापन लगायतका क्षेत्रहरूमा पनि थोरै मात्रामा भए पनि जनशक्ति संलग्न छन्, जसले नगरेको विविध आर्थिक संरचना र रोजगारीको अवसरलाई झल्काउँछ। केही क्षेत्रहरू, जस्तै कला, बाह्य संघसंस्था, घरजग्गा व्यापार, तथा अन्य अङ्गहरूमा ०.१ प्रतिशत वा अझ कम जनशक्ति संलग्न रहेका छन्।(रा.ज.ग. २०७८)

पेशाअनुसारको विवरण हेर्दा, सबैभन्दा बढी ३४.८ प्रतिशत अर्थात् १४,००३ जना कृषि, वन तथा माछापालन क्षेत्रमा संलग्न छन्, जुन औद्योगिक क्षेत्रको विवरणसँग मेल खान्छ। यसपछि सामान्य वा प्राथमिक पेशाका कामदारहरू ३३.८ प्रतिशत अर्थात् १३,६१६ जना रहेका छन्, जसले नगरपालिकाको श्रम आधारित संरचना देखाउँछ। सेवा तथा वस्तु बिक्री गर्ने काममा ६.९ प्रतिशत, शिल्पकला तथा कारिगढ तथा यससँग सम्बन्धीत व्यापार क्षेत्रमा ६.३ प्रतिशत, यन्त्र चालक तथा जडान गर्ने क्षेत्रमा ५.३ प्रतिशत, व्यवस्थापनतर्फ ५.२ प्रतिशत, पेशाविदहरू ४.२ प्रतिशत र प्राविधिक सहायक पेशामा १.५ प्रतिशत जनसंख्या क्रियाशील देखिन्छन्। कार्यालय सहायकतर्फ पनि १.१ प्रतिशत अर्थात् ४५५ जना संलग्न छन्।(रा.ज.ग. २०७८)

गोदावरी नगरपालिका, कैलालीको भू-उपयोग विवरणअनुसार कुल क्षेत्रफलको सबैभन्दा ठूलो हिस्सा कृषियोग्य जमिनले ओगटेको छ, जसको क्षेत्रफल १६९.४५ वर्ग किलोमिटर (५४.९० प्रतिशत) रहेको छ। यसले नगरपालिकाको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्त्वपूर्ण स्थान पुष्टि गर्छ। दोस्रो ठूलो हिस्सा बनले ढाकेको जमिन हो, जुन ८८.१ वर्ग किलोमिटर (२८.५५ प्रतिशत) रहेको छ, जसले जैविक विविधता र वातावरणीय सन्तुलनमा योगदान पुऱ्याउँछ। त्यसपछि क्रमशः झाडीयुक्त क्षेत्र (११.९५ प्रतिशत), नदी-खोला (१.२२ प्रतिशत), अन्य उपयोग (१.८५ प्रतिशत), बलौटे क्षेत्र (०.८३ प्रतिशत) र चरण क्षेत्र (०.७० प्रतिशत) रहेका छन्। यस विवरणले देखाउँछ कि गोदावरी नगरपालिका

कृषि र वनसम्पदामा आधारित रहेको छ, भने जल स्रोत र चरन क्षेत्रको न्यून उपलब्धता दीर्घकालीन विकास योजनामा विचार गर्नुपर्ने पक्ष हुन्। (नगरपालिको रेडबुक २०७९-८०)
बाली उत्पादनतर्फ, यहाँ मुख्यतः धान, गहुँ, तोरी/सर्स्यु, र तिल उत्पादन गरिन्छ। अन्य खाद्यान्न बाली तथा दलहन जस्तै मुसुरो, केराउ, प्याज र लसुन, आलु र केरा, आँप पनि उत्पादन हुने गर्छन्। फलफूलतर्फ केरा र आँपको उत्पादनले महत्वपूर्ण स्थान ओगटेको देखिन्छ। राष्ट्रिय कृषि गणना २०७८ का आधारमा कृषि कार्यमा प्राविधिक र श्रम सम्बन्धी चुनौतीहरू पनि देखिन्छन्। यस पालिकाका केहि वडा कृषि कामदारको अभाव अनुभव गरेका छन्, जसको लागि उनीहरूले ठेक्कामा दिने, मेशिन प्रयोग गर्ने, र वडा बाहिरबाट मजदुर ल्याउने, जस्ता उपायबाट व्यवस्थापन गरिएको देखिन्छ। कृषि कामदारको दैनिक ज्याला महिलाका लागि औसत रु. ५४५ र पुरुषका लागि रु. ६२७ रहेको छ, जुन लैङ्गिक ज्याला विभेद पनि देखिन्छ। पशुपालनतर्फ, भैसीको दूध, कुखुराको मासु र अण्डा उत्पादन प्रमुख छन्। कृषि फोहोर व्यवस्थापनमा पनि अधिकांश वडाले गाडेर वा कम्पोस्ट बनाएर व्यवस्थापन गरिरहेको पाइन्छ। यी तथ्याङ्कहरूले देखाउँछ कि गोदावरी नगरपालिका कृषि उत्पादनका लागि सम्भावनायुक्त क्षेत्र भए पनि मानव स्रोत, प्रविधि र व्यवस्थापन पक्षमा अझ सुधार आवश्यक छ।

यस नगरपालिकाबाट विदेशिने व्यक्तिहरूको अवस्था हेर्दा जनगणनाको समयमा १२,३११ जना विदेशमा रहको देखिन्छ। गोदावरी नगरपालिकाबाट कामको सिलसिलामा विदेशमा रहेको जनसंख्या १२,३११ मध्ये ९,१४७ पुरुष रहेका छन् भने ३,१६४ महिला रहेका छन् यसका साथै कुल विदेशमा रहेका व्यक्तिहरूमध्ये ११, ०१० जना भारतमा रहेको देखिन्छ। हालसम्म गोदावरी नगरपालिकामा रोजगारीको समग्र अवस्था चुनौति र संभावनाहरूको अलग्गै विस्तृत अध्ययन भएको पाइदैन।

**आर्थिक रूपमा सक्रिय जनसंख्याको अवस्थाः**

**तालिका १ : आर्थिक रूपमा सक्रिय र निश्क्रिय जनसंख्याको तुलनात्मक अवस्थिती**

| क्षेत्र | १० वर्ष भन्दा माथिको जनसंख्या | | आर्थिक कार्यमा सहभागिताको अवस्था | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आर्थिक कार्यमा सक्रियता | | | | | | आर्थिक कार्यमा निश्क्रियता | | आर्थिक कार्यमा गणना नभएको | |
| | | | पुर्ण रूपमा सक्रिय जनसंख्या | | | | आंशिक रूपमा सक्रिय जनसंख्या | | | | | |
| | | | रोजगार | | बेरोजगार | | | | | | | |
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सुदूरपश्चिम प्रदेश | १००३२५३ | ११८०१५१ | ४७९४४२ | ४४९७६३ | ४०६९५ | ३९७६७ | २०४५०० | ३२०८९६ | २७७२४६ | ३६७९२१ | १३७० | १८०४ |
| कैलाली जिल्ला | ३५१९२८ | ४००२२९ | १७२०२९ | १२७६३७ | १३००३ | १३९०१ | ६०३०९ | १०५८३७ | १०५९७६ | १५१९८१ | ६११ | ८७३ |
| गोदावरी नगरपालिका | ३७०२४ | ४३९८२ | १४९८० | ९८५९ | १४७८ | १६२६ | ५४७६ | ९८७८ | १५०१८ | २२५३८ | ७२ | ८१ |

*स्रोत: NPHC २०२१*

सुदूरपश्चिम प्रदेशको समग्र अवस्था हेर्ने हो भने कूल जनसंख्याको करिब एक चौथाइ जनसंख्या आर्थिक रूपमा निश्कृय रहेको देखिन्छ त्यसमध्ये पनि पुरुषको तुलनामा महिलाहरू आर्थक रूपमा बढी निश्कृय रहेको देखिन्छ। गोदावरी नगरपालिकामा करिब आधा जनसंख्या आर्थिक गतिविधिमा निश्कृय रहेको देखिन्छ। कैलाली जिल्ला र सुदूरपश्चिम प्रदेशको समग्र तथ्याङ्किय अवस्था पनि खासै फरक देखिदैन। रोजगारीका प्रर्याप्त अवसर नहुनु र उत्पादनमूलक क्षेत्रमा उद्योगी व्यवसायीहरूलाई आकर्षित गर्ने ठोस आधार नहुनु यसको प्रमुख कारकको रूपमा देखिन्छ।

**तालिका : मुख्य पेशा तथा व्यवसायको आधारमा आर्थिक रूपमा सक्रिय जनसंख्या अवस्थिती**

| क्षेत्र | जम्मा व्यक्ति | मुख्य पेशा तथा व्यवसाय | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आर्मी तथा सुरक्षा फौज | प्रबन्धक | जागिर | प्राविधिक पेशा | कार्यालय सहयोगी | सेवा प्रदायक तथा बिक्री | कृषि तथा पशुपन्धछी | सिलाई बुनाइ | मेसिन चालक | साधारण काम | उल्लेख नभएको |
| सुदूरपश्चिम प्रदेश | १४७९६२ | ८६३० | ४६२४५ | ४५०२५ | १५६९० | १०४८८ | ५६५५७ | ९६५३५७ | ५६०५८ | २२१४३ | २५२७०५ | ७२३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कैलाली जिल्ला | ४६९४२३ | २६३३ | २०९०६ | १५४३५ | ६२३८ | ४३९८ | २४९६६ | २३८४६९ | २९६१५ | ११५२२ | ११४८९१ | ३५० |
| गोदावरी नगरपालिका | ४०२५५ | २८६ | २०७९ | १७०२ | ६१८ | ४५५ | २७९० | १४००३ | २५२२ | २१४३ | १३६१६ | ४१ |

*स्रोत: NPHC २०२१*

आर्थिक रूपमा सकृय जनसंख्या मध्ये एक तिहाइ भन्दा धैरै व्यक्तिको मुख्य पेशाको रूपमा कृषि क्षेत्रका उद्यम तथा स्वःरोजगार रहेको देखिन्छ।करिव एक तिहाइ व्यक्तिहरू साधारण किसिमको कामदारको रूपमा रहेको देखिन्छ भने करिब एक तिहाइ व्यक्तिहरू विभिन्न पेशा तथा व्यवसायमा दक्ष कामदारका रूपमा रहेको देखिन्छ।यो अवस्था शहरी क्षेत्रमा भने केहि फरक देखिन्छ।

तालिका : गोदावरी नगरपालिकाको आर्थिक रूपमा सक्रिय जनसंख्या अवस्थिती

| वार्ड | लिङ्ग | १० वर्ष तथा माथिको जनसंख्या | आर्थिक गतिविधिमा संलग्नता | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | आर्थिक रूपमा सक्रियता | | | आर्थिक गतिविधिमा सक्रिय नभएका | उल्लेख नभएको |
| | | | प्रायजसो सक्रिय भएका | | प्रायजसो सक्रिय नभएका | | |
| | | | रोजगार | बेरोजगार | | | |
| नगरपालिका | जम्मा | ८१००६ | २४८३९ | ३१०४ | १५३५४ | ३७५५६ | १५३ |
| | पुरुष | ३७०२४ | १४९८० | १४७८ | ५४७६ | १५०१८ | ७२ |
| | महिला | ४३९८२ | ९८५९ | १६२६ | ९८७८ | २२५३८ | ८१ |
| १ | जम्मा | ११२०२ | ३१७९ | ५३८ | १६८० | ५८०१ | ४ |
| | पुरुष | ५४१८ | २१७१ | २६९ | ६०५ | २३७१ | २ |
| | महिला | ५७८४ | १००८ | २६९ | १०७५ | ३४३० | २ |
| २ | जम्मा | १०४०० | ३००१ | ३२० | १६९१ | ५३८६ | २ |
| | पुरुष | ४८९९ | १८३४ | १७२ | ६०१ | २२९१ | १ |
| | महिला | ५५०१ | ११६७ | १४८ | १०९० | ३०९५ | १ |
| ३ | जम्मा | ८१५६ | २००५ | १४५ | १६९० | ४२९४ | २२ |
| | पुरुष | ३५७७ | १२४४ | ८० | ५७२ | १६७४ | ७ |
| | महिला | ४५७९ | ७६१ | ६५ | १११८ | २६२० | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | जम्मा | ८७५४ | २८८३ | १३० | १४३६ | ४२७९ | २६ |
| | पुरुष | ४१३८ | १७६१ | ७१ | ५१६ | १७८१ | ९ |
| | महिला | ४६१६ | ११२२ | ५९ | ९२० | २४९८ | १७ |
| ५ | जम्मा | ६३३६ | २५३३ | ४८९ | १०४९ | २२५० | १५ |
| | पुरुष | २९९८ | १५३६ | २०४ | ३७० | ८८४ | ४ |
| | महिला | ३३३८ | ९९७ | २८५ | ६७९ | १३६६ | ११ |
| ६ | जम्मा | ६४७५ | १५६७ | १८९ | १९४४ | २७६५ | १० |
| | पुरुष | २९६८ | ९८६ | ८७ | ७६७ | ११२१ | ७ |
| | महिला | ३५०७ | ५८१ | १०२ | ११७७ | १६४४ | ३ |
| ७ | जम्मा | ४१२० | ९३५ | १४८ | ८२४ | २१९७ | १६ |
| | पुरुष | १७६४ | ६०२ | ८८ | २७१ | ७९८ | ५ |
| | महिला | २३५६ | ३३३ | ६० | ५५३ | १३९९ | ११ |
| ८ | जम्मा | ७०१२ | २६१३ | २६७ | ११०१ | २९९८ | ३३ |
| | पुरुष | ३२०२ | १६५९ | ९४ | ३५३ | १०७५ | २१ |
| | महिला | ३८१० | ९५४ | १७३ | ७४८ | १९२३ | १२ |
| ९ | जम्मा | ६५७० | २५८७ | २९७ | १०१७ | २६६७ | २ |
| | पुरुष | २९३२ | १४७३ | १०६ | ३४५ | १००६ | २ |
| | महिला | ३६३८ | १११४ | १९१ | ६७२ | १६६१ | ० |
| १० | जम्मा | ३९८४ | १०३५ | २१६ | १०९१ | १६४१ | १ |
| | पुरुष | १७६९ | ५४७ | १२८ | ४०३ | ६९१ | ० |
| | महिला | २२१५ | ४८८ | ८८ | ६८८ | ९५० | १ |
| ११ | जम्मा | ३५७६ | ६५० | ८८ | १०३७ | १७७९ | २२ |
| | पुरुष | १४८३ | ३१५ | ६५ | ३९६ | ६९३ | १४ |
| | महिला | २०९३ | ३३५ | २३ | ६४१ | १०८६ | ८ |
| १२ | जम्मा | ४४२१ | १८५१ | २७७ | ७९४ | १४९९ | ० |
| | पुरुष | १८७६ | ८५२ | ११४ | २७७ | ६३३ | ० |
| | महिला | २५४५ | ९९९ | १६३ | ५१७ | ८६६ | ० |

*स्रोत : NPHC २०२१*

गोदावरी नगरपालिकाको १० बर्ष भन्दा माथिको जनसंख्या मध्ये करिव ४६ प्रतिशत जनसंख्या आर्थिक रूपमा निश्कृय तथा बेरोजगार देखिन्छ। यसका साथै आर्थिक रूपमा सकृय जनसंख्यामध्ये पनि करिब

२० प्रतिशत व्यक्तिहरूले पुर्ण रोजगारी पाएको देखिंदैन। यस नगरपालिकाका ३० प्रतिशत व्यक्तिहरू मात्र पुर्णरोजगारीका अवसरमा सामेल भएको देखिन्छ।

**तालिका : घर बाहिर रहेको जनसंख्या अवस्थिती**

| क्षेत्र | जम्मा घरधुरी | कम्तिमा १ जना घर बाहिर रहेका घरधुरी | घर बाहिर रहेको जनसंख्या | | |
|---|---|---|---|---|---|
| | | | जम्मा | पुरुष | महिला |
| सुदूरपश्चिम | ५७६७७२ | १७२११५ | ३४३५२३ | २५५७६१ | ८७७६२ |
| कैलाली | १९५८७२ | ५२८०७ | ११०३२८ | ७९९४७ | ३०३८१ |
| गोदावरी नगरपालिका | २१२५० | ६०५६ | १२३११ | ९१४७ | ३१६४ |

*स्रोत : घर बाहिर रहेको जनसंख्या, NPHC २०२१*

गोदावरी नगरपालिकाबाट विभिन्न कारणले विदेशमा रहेका व्यक्तिहरू कुल जनसंख्याको करिब १२ प्रतिशत रहेको देखिन्छ भने पालिकाभरीका करिब १ चौथाइ परिवारका व्यक्तिहरू विदेशमा रहेको देखिन्छ।विदेशमा रहेका व्यक्तिहरूमध्ये करिव ७४ प्रतिशत पुरुषहरू रहेका छन्।गोदावरी नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने बासिन्दाहरूले घरेलु तथा साना उद्योगलाई रोजगारीको एउटा मुख्य स्रोतको रूपमा अपनाएको पाइन्छ।

**आ.व. २०७९।०८० सम्म गोदावरी नगरपालिका भित्र सञ्चालनमा रहेका उद्योग व्यवसायहरूको विवरण**

| क स | उद्योगको प्रकार | संख्या | रोजगारी सृजना | | कैफियत |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | |
| १ | उत्पादन मूलक | ४२२ | १९३ | ४१०५ | |
| २ | सेवा मूलक | ७०५ | ४२३ | २६८६ | |
| ३ | कृषि मूलक | ८५२ | ५८० | २३२४ | |
| ४ | पर्यटनमूलक | ७ | ९ | ५२ | |
| ५ | सूचना प्रविधि | ३ | २ | ८ | |
| जम्मा | | १९८९ | १२०७ | ९१७५ | |

**स्रोत: घरेलु तथा साना उद्योग कार्यालय धनगढी कैलाली २०८०*

गोदावरी नगरपालिका क्षेत्र भित्रको समग्र रोजगारीको अवस्थालाई विश्लेषण गर्नका लागि पालिका भित्र सञ्चालनमा रहेका विभिन्न उद्योग व्यवसाय तथा फर्महरूको भूमिका महत्वपुर्ण रहेको छ।आ.व. २०७९।०८० को अन्त्य सम्ममा यस क्षेत्रमा सञ्चालनमा रहेका उत्पादनमूलक उद्योग व्यवसायमा धेरै जसो व्यक्तिहरूले रोजगारी पाएको देखिन्छ भने सेवा मूलक र कृषिमूलक उद्योग व्यवसायमा पनि

रोजगारी सृजना भएको देखिन्छ। समग्र रोजगारी मध्ये करिव १२ प्रतिशतको हाराहारीमा मात्र महिलाहरू रोजगारीमा रहेको देखिन्छ।

गोदावरी नगरपालिकामा आ. व. २०७५।०७६ देखि नै न्यूनतम रोजगारमूलक सेवाहरू सञ्चालनमा आएको हो।आ.व. २०७५।०७६ को चैत्र महिनामा बेरोजगारको सूचिमा सूचिकृतका लागि आवेदन आव्हान भई ५११० जना सूचिकृत बेरोजगार व्यक्तिहरू मध्ये १४८० जनाले औसतमा १० दिन बराबरको रोजगारी प्राप्त गरेका थिए।यसैगरी आ.व. २०७६।०७७ मा ५०० जना सुचिकृत बेरोजगार व्यक्तिहरूमध्ये १९१ जनाले औसत २९ दिनको रोजगारी पाएका थिए।आ.व. २०७७।०७८ मा ४५८६ जना सुचिकृत बेरोजगार व्यक्तिहरूमध्ये ४६५ जनाले औसतमा ५५ दिनको रोजगारी पाएका थिए।आ.व. २०७८।०७९ मा ५०७७ जना सुचिकृत बेरोजगार व्यक्तिहरूमध्ये ५११ जनाले औसतमा ८३ दिनको रोजगारी पाएका थिए।आ.व. २०७९।०८० मा १५५८ जना सुचिकृत बेरोजगार व्यक्तिहरूमध्ये १७१ जनाले औसतमा ७६ दिनको रोजगारी पाएको थिए।आ.व. २०८०।०८१ मा १४०९ जना सुचिकृत बेरोजगार व्यक्तिहरूमध्ये १०४ जनाले औसतमा ७१ दिनको रोजगारी पाएका छन्।आ.व. २०८१।०८२ को न्युनतम रोजगारीका लागि कुल ७५१ जना सूचिकृत भएकोमा ८४ जना व्यक्तिहरुले औसतमा ७९ दिन बरारको रोजगारी स्थानीय स्तरमै प्राप्त गरेका छन्।

<u>रोजगार सेवा केन्द्र</u>

**न्यूनतम रोजगारी विवरण आ. व. २०७५।७६ देखि २०८१।८२ सम्म**

| सिं न. | आर्थिक वर्ष | सूचिकृत बेरोजगार संख्या | रोजगारी प्रदान गरिएको संख्या | जम्मा रोजगारी दिन | औसत दिन | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०७५/०७६ | ५११० | १४८० | १२२३६ | १० | |
| २ | २०७६/०७७ | ५०० | १९१ | ५६१३ | २९ | |
| ३ | २०७७/०७८ | ४५८६ | ४६५ | २५५४४ | ५५ | |
| ४ | २०७८/०७९ | ५०७७ | ५११ | ४२४१६ | ८३ | |
| ५ | २०७९/०८० | १५५८ | १७१ | १२९८३ | ७६ | |
| ६ | २०८०/०८१ | १४०९ | १०४ | ७३८३ | ७१ | |
| ७ | २०८१/०८२ | ७५१ | ७३ | ८४ | ७९ | |

खण्ड - ३

## ३.१ रणनीतिक विश्लेषण

गोदावरी नगरपालिकाको रणनीतिक विश्लेषणले नगरपालिकाको विकासका लागि पालिकाको सवाल पक्ष, कमजोर पक्ष, अवसर र सम्भावित चुनौतिहरू स्पष्ट रूपमा देखाउँछ। नगरपालिकाको सवल पक्ष मुख्य रुपमा आर्थिक सक्रिय जनशक्ति, कृषि प्रधान अर्थतन्त्र, साक्षरता दर, शहरीकरण प्रवृत्ति तथा श्रम बजारको विकास हो, जसले रोजगारीका विविध सम्भावना सिर्जना गर्छ। यद्यपि, लगभग आधा जनसंख्या अझै आर्थिक रूपमा निष्क्रिय छ र अस्थायी रोजगारीको उच्च प्रतिशतले स्थिर आय र समावेशी आर्थिक विकासमा अवरोध पुऱ्याउँछ। कृषिमा निर्भरता, औद्योगिक विविधताको कमी, सीप अभाव र प्रविधिको न्यून प्रयोग चुनौतीपूर्ण पक्ष हुन्। यद्यपि, कृषिमा आधारित उद्योग विकास, विदेशी रोजगारबाट फर्किएका जनशक्तिको पुनःस्थापना, महिला लक्षित कार्यक्रम र सरकारी/गैरसरकारी साझेदारीले रोजगारी सृजना तथा उद्यमशीलता प्रवर्द्धनका उल्लेखनीय अवसरहरू प्रदान गर्छन्। तर अस्थिर रोजगार, लैंगिक विभेद, दक्ष जनशक्ति अभाव र प्राकृतिक स्रोतको सीमितताले दीर्घकालीन विकासलाई खतरा पुऱ्याउन सक्छ। समग्रमा, गोदावरी नगरपालिकाले आफ्ना शक्तिहरूको सदुपयोग गर्दै कमजोरी हटाई अवसरहरूको रणनीतिक उपयोगद्वारा रोजगारीका माध्यमबाट नगरपालिकाको दीर्घकालीन, समावेशी र दिगो विकासको दिशामा अगाडी बढ्न सक्दछ।

### ३.१.१ सवाल पक्षः

क) उच्च आर्थिक रूपमा सक्रिय जनशक्ति, करिब ५० प्रतिशत जनसंख्या आर्थिक रूपमा सक्रिय रहेकोले श्रमशक्ति उपलब्धता राम्रो छ, जसले रोजगारी तथा उत्पादनशीलता अभिवृद्धिका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयनन गर्न सकिन्छ।

ख) कृषिमा आधारित बलियो अर्थतन्त्र, ४२.५ प्रतिशत जनसंख्या कृषि क्षेत्रमा संलग्न हुनुका साथै ५४.९० प्रतिशत भूभाग कृषि योग्य भएकाले कृषि आधारित रोजगारी विस्तार गर्ने सम्भावना उच्च छ।

ग) श्रम बजारको स्थापना र विविध रोजगारीको उपलब्धता, दैनिक ज्याला आधारित काम तथा निर्माण, कृषि, सेवा क्षेत्रजस्ता क्षेत्रमा कामदारको माग रहेकोले रोजगारीका विविध विकल्पहरू विकास गर्न सकिन्छ।

घ) लैङ्गिक सन्तुलन र महिलाको सहभागिता सम्भावना, महिला जनसंख्या ५२.७ प्रतिशत भएको र साक्षरता दर पनि उल्लेखनीय रहेकोले महिला लक्षित सीप विकास तथा उद्यमशीलता कार्यक्रमले समावेशी रोजगार वृद्धि गर्न सक्ने आधार बनाउँछ।

ङ) साक्षर र शिक्षित जनशक्ति, साक्षरता दर ७९.४ प्रतिशत (पुरुष ८७.८ प्रतिशत, महिला ७२ प्रतिशत) रहेकोले रोजगारमैत्री तालिम, प्रविधिमैत्री सीप विकास, र दक्षता वृद्धिमा लगानी गर्न सकिने सम्भावना प्रष्ट देखिन्छ।

### ३.१.२ कमजोर पक्ष :

क) एकीकृत श्रम तथा रोजगार सेवा प्रवाहलाई व्यवस्थित गर्न समय सापेक्ष नीतिगत, कानुनी र संरचनागत व्यवस्था नहुनु।

ख) श्रम बजारको माग र आपूर्तिसहितको खण्डीकृत तथ्याङ्क को अभाव रहेको छ।

ग) वैदेशिक रोजगारीको निर्भरता न्यूनीकरण तथा स्थानीय रोजगारीका अवसरको सिर्जनाका लागि आवश्यक स्रोत, साधन सहितको दिर्घकालिन योजना नहुनु।

घ) ६ महिना भन्दा बढी काम गर्ने जनसंख्या २९.३ प्रतिशत मात्रै हुनुले अस्थायी र अल्पकालीन रोजगारीको व्यापकता बिध्यमानता रहेको छ।

ङ) विविध पेशा तथा व्यवसायहरू सञ्चालनको लागि आवश्यक दक्ष, प्राबिधिक जनशक्तिको अप्रयाप्तता।

च) तुलनात्मक रूपमा आर्थिक गतिविधिहरूमा महिला निष्क्रियता अधिक हुनुका साथै लैङ्गिक ज्याला विभेद कायम रहनु।

### ३.१.३ अवसरहरूः

क) श्रम तथा रोजगार सम्बद्ध नीतिगत, कानुनी र संरचनागत व्यवस्थालाई समय सापेक्षा सुदृढ गरी एकीकृत रोजगार सेवा प्रभावलाई व्यवस्थित र प्रभावकारी बनाउने।

ख) स्थानीय सरकारको प्रत्याभूतिसहित न्यूनतम रोजगारी अवसरको अभिवृद्धि गरी नागरिकलाई रोजगार र स्वरोजगारमा सहभागी गराउने अवसर रहेको छ।

ग) आन्तरिक श्रमशक्ति उपयोग गर्ने वातावरण सिर्जना गर्दै सिप विकास, उद्यमशीलता प्रवर्द्धन, रोजगारी, तथ्याङ्क व्यवस्थापन, श्रम बजार सुचना व्यवस्थापन प्रणालीको स्थापना र सञ्चालन तथा दक्ष, प्रतिस्पर्धी जनशक्ति विकास गर्ने।

घ) प्रदेश सरकार, संघीय सरकार तथा निजी क्षेत्रसँग समन्वय गर्दै साना व्यवसाय, स्टार्टअप प्रवर्द्धन, वैदेशिक रोजगारमा निर्भरता घटाउने र सामाजिक-आर्थिक विशेषताअनुसार श्रम बजारको मूल्याङ्कन गरी दीर्घकालीन रोजगार रणनीति निर्माण गर्ने।

ङ) श्रम तथा रोजगारीको क्षेत्रमा न्यूनतम मानवीय मर्यादा कायम गर्न, श्रमिकप्रतिको धारणामा व्यवहारिक परिवर्तन ल्याउने र श्रमप्रतिको सम्मानजनक सोच विकास गर्दै श्रम र रोजगारीको क्षेत्र देखिएका सबै खालका विभेदको अन्त्य गर्ने।

च) सार्वजनिक रोजगार सेवाको सुदृढीकरणमार्फत अनौपचारिक क्षेत्रको श्रमलाई क्रमश औपचारिक क्षेत्रमा रुपान्तरण गर्दै श्रमिकको लगत अद्यावधिक गर्नुका साथै सामाजिक सुरक्षाको हकको प्रत्याभूति गर्न सहजीकरण गर्ने।

छ) हाल सम्म संघिय सरकारबाट प्रवाह भै रहेका वैदेशिक रोजगारसँग सम्वन्धित (कन्सुलर सेवा बिभाग, बैदेशिक रोजगार बिभाग, बैदेशिक रोजगार बोर्ड) बाट प्रदान हुने सेवाहरू विदेशबाट मृतकको शव झिकाउन, खोजतलास/उद्धारसम्बन्धी कार्य, क्षतिपूर्तिका लागि निवेदन (घाइते/मृतक), सामाजिक सुरक्षा कोषका सेवाहरू लगाएतका कार्य रोजगार सेवा केन्द्रबाटै सेवा प्रवाह गर्ने।

### ३.१.४ चुनौतिहरू

क) पालिका भित्र उत्पादनशील क्षेत्रमा रोजगारीका अवसर पहिचान र सिर्जना गर्दै श्रमको सम्मान गर्ने संस्कारको विकास गर्न र श्रम बजारको सूचना/तथ्याङ्क व्यवस्थित गर्ने एकीकृत संयन्त्र निर्माण गर्न।

ख) अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रमा रुपान्तरण गर्दै असल श्रम सम्बन्धको विकास र सामाजिक सुरक्षा सुनिश्चित गर्न।

ग) आधुनिक कृषि, निर्माण, सेवा क्षेत्र, सूचना प्रबिधि तथा विश्वव्यापी श्रम बजारमा आवश्यक सीप, ज्ञान र व्यावसायिक दक्षताको अभावका साथै वैदेशिक रोजगारीको बढ्दो प्रभावका कारण अन्तरिक रोजगारीको गुणस्तर सुधार गर्दै स्थानीय स्तरमै दीगो रोजगारी सुनिश्चित गर्न।

घ) पालिका, प्रदेश र संघीय सरकार तथा अन्य निकायहरूबीच समन्वयको कमि, संघीयताअनुरुप श्रम रोजगारसम्बन्धी स्पष्ट नीतिगत व्यवस्था नहुनु र सार्वजनिक रोजगार सेवा प्रतिको बुझाइमा कमीका कारण प्रभावकारी रोजगार सेवा सुनिश्चित गर्न चुनौतिपूर्ण देखिन्छ।

## खण्ड - ४

### ४.१ रणनीतिक सवालहरू

गोदावरी नगरपालिकामा श्रम तथा रोजगार क्षेत्रलाई व्यवस्थित गर्दै समावेशी, न्यायोचित र दिगो आर्थिक वृद्धि हासिल गर्न बहुपक्षीय रणनीतिक सवालहरू स्पष्ट देखिन्छन्। श्रमको सम्मान, नीति समन्वय र रोजगारी सेवा प्रणालीको सुधार, श्रमिकको न्यूनतम मानवीय मर्यादा, तथ्याङ्क अभाव, न्युन बजेट, असल श्रम सम्बन्ध र श्रमिक प्रति व्यवहारिक सोचको अभाव, अन्तर तह समन्वयमा भएका कमि कमजोरी, वैदेशिक सीप र पुँजीको परिचालनमा देखिएका कमि कमजोरीहरू व्यवस्थित एवम् प्रभावकारी श्रम तथा रोजगार सेवा प्रवाहका चुनौतीहरू हुन्। यी चुनौतीलाई समग्र रूपमा सम्बोधन गर्दै श्रम तथा रोजगार रणनीति कार्यान्वयनन गर्ने नीति, कार्यक्रम र संरचना कसरी तयार गर्ने भन्ने प्रमुख रणनीतिक सवाल नगरपालिकासामु रहेको छ।

हाल नगरपालिकामा करिब आधा जनसंख्या बेरोजगार छ भने कार्यरतमध्ये पनि धेरै अस्थायी प्रकृतिको रोजगारीमा संलग्न छन्। वैदेशिक रोजगारीमा निर्भरता उच्च रहेको अवस्थामा दीर्घकालीन तथा स्थानीय रोजगारी सिर्जना र आत्मनिर्भर अर्थतन्त्र निर्माण, स्थानीय श्रमशक्तिको पूर्ण परिचालन र बेरोजगारी न्यूनीकरण कसरी गर्न सकिन्छ भन्ने सवाल रहन्छ। त्यसैगरी जनसंख्याको हिसावले महिला जनसंख्या बढी भएतापनि पनि उनीहरूको श्रम बजारमा उपस्थिति न्यून छ, ज्यालामा विभेद विद्यमान छ। यस्तो अवस्थामा सामाजिक र संरचनात्मक अवरोधलाई हटाउँदै उनीहरूलाई उत्पादनशील रोजगारीमा कसरी संलग्न गराउने, महिलाको श्रम सहभागिता कसरी वृद्धि गर्ने र श्रम बजारमा लैङ्गिक समानता कसरी सुनिश्चित गर्ने भन्ने सवाल बिध्यमान देखिन्छ।

अधिकांश श्रमशक्ति सामान्य प्रकृतिको काममा सीमित छन्, सीप अभाव, प्रविधिमा पहुँचको कमी, र तालिमको न्यूनताले रोजगारमैत्री वातावरण निर्माणमा बाधा पुऱ्याएको छ। श्रम बजारको माग र आपूर्तिको अन्तर कम गर्न श्रम बजारसँग मेल खाने दक्ष जनशक्ति विकास गर्न, रोजगारीको गुणस्तर सुधार्न तालिम, प्राविधिक शिक्षा तथा व्यावसायिक संस्थाहरू सुदृढ गर्न र निजीक्षेत्रसँगको सहकार्यका लागि कस्तो रणनीति बनाउने भन्ने विषय पनि महत्वपूर्ण देखिन्छ। नगरपालिकाको ठुलो हिस्सा कृषिमा आधारित भए तापनि प्रविधिको अभाव, उत्पादनशीलताको कमी र मूल्य शृंखला र बजारसँग नजोडिएको अवस्थाले रोजगारी सृजनामा अवरोध पुऱ्याएको छ। उद्योग, साना व्यवसाय, स्टार्टअप प्रवर्द्धन र वातावरणमैत्री रोजगारी विस्तार र कृषि, उद्योग, सेवा र वातावरणीय क्षेत्रहरूमा रोजगारीका अवसर कसरी बढाउने भन्ने विषयले पनि रणनीतिक प्रश्न खडा गर्दछ। अतः यी सवालहरूको स्पष्ट जवाफसहित योजनाबद्ध, समावेशी र तथ्यमा आधारित नीति निर्माण नगरपालिकाको प्राथमिकता हुन आवश्यक छ।

खण्ड - ५

## ५.१ दूरदृष्टि ध्येय र उद्देश्य

**दुरदृष्टिः**

मर्यादित श्रम, उत्पादनशील रोजगारी र दिगो आन्तरिक रोजगारीसहितको समावेशी समृद्धिको आधार निर्माण।

**ध्येयः**

श्रम बजारको मागअनुसार सीपयुक्त, प्रतिस्पर्धी र उद्यमशील जनशक्ति विकास गर्दै, सुरक्षित र मर्यादित रोजगारीका अवसरहरूको सृजना, समावेशी पहुँच विस्तार, स्वरोजगार प्रवर्द्धन, तथा वैदेशिक रोजगारीको विकल्पस्वरूप आन्तरिक रोजगारी सुदृढ गरी समावेशी समृद्धि नगरपालिका निर्माणको आधार तयार गर्नु।

**उद्देश्यः**

१. स्वरोजगार, साना उद्यम तथा नवप्रवर्तनशील व्यवसायलाई प्रवर्द्धन गर्दै स्थानीय श्रम बजारको मागअनुसार सीपयुक्त, दक्ष र प्रतिस्पर्धी श्रमशक्ति उत्पादन र उपयोग गर्ने।

२. सुरक्षित, मर्यादित र सामाजिक सुरक्षासहितको रोजगारी सुनिश्चित गर्दै श्रमको सम्मान प्रवर्द्धन गर्ने।

३. वैदेशिक रोजगारीमा निर्भरता घटाई आन्तरिक रोजगारीको सृजनामा प्राथमिकता दिने।

४. रोजगारी सम्बन्धी तथ्याङ्क सङ्कलन, विश्लेषण र नीतिगत निर्णयमा उपयोग हुने तथ्याङ्क प्रणाली विकास गर्ने।

५. महिला, युवा, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समूहलाई रोजगारीमा समावेशी पहुँच सुनिश्चित गर्ने।

६. तीन तहका सरकार, निजी क्षेत्र, सहकारी र नागरिक समाजसँग साझेदारी र समन्वय गरी रोजगारमैत्री नीति तथा कार्यक्रम कार्यान्वयनन गर्ने।

खण्ड - ६

### ६.१ रणनीतिक लक्ष्यहरू

१. स्थानीय श्रम बजारको मागअनुसार सीपयुक्त, प्रतिस्पर्धी र उद्यमशील श्रमशक्ति उत्पादन गर्ने।

२. मर्यादित, सुरक्षित, उत्पादनशील र समावेशी रोजगारीका अवसरहरू स्थानीय तहमै सृजना एवम् आवश्यक समन्वय गर्ने।

३. वैदेशिक रोजगारीको विकल्पस्वरूप आन्तरिक रोजगारी र स्थानीय उद्यमशीलता प्रवर्द्धन गर्ने।

४. रोजगारीमैत्री नीतिको कार्यान्वयननका लागि श्रम बजार सूचनाहरूको व्यवस्थापन, श्रम अधिकार संरक्षण, सामाजिक सुरक्षा प्रवर्द्धन र बहुक्षेत्रीय साझेदारी प्रणाली विकास गर्ने।

खण्ड - ७

## ७.१ रणनीतिक स्तम्भ, प्रमुख रणनीतिहरू

रणनीतिक योजनाको सोंच, लक्ष्य र उद्देश्य प्राप्तिका लागि निम्नअनुसारका रणनीतिक स्तम्भ पहिचान गरिएको छ। रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयननको लागि प्रत्येक रणनीतिक स्तम्भ अन्तर्गत रणनीति र कार्यनीति तय गरिएको छ।

### रणनीतिक स्तम्भहरू

स्तम्भ - १: स्वरोजगार प्रवर्द्धन तथा प्रतिस्पर्धी श्रमशक्ति निर्माण
स्तम्भ - २: सुरक्षित, मर्यादित र सामाजिक सुरक्षायुक्त रोजगारीको प्रवर्द्धन
स्तम्भ - ३: व्यवस्थित बैदेशिक रोजगारी र आन्तरीक रोजगारी सिर्जनामा प्राथमिकता
स्तम्भ - ४: रोजगारसम्बन्धी तथ्याङ्क प्रणालीको सुदृढिकरण
स्तम्भ - ५: रोजगारीमा समावेशी पहुँच
स्तम्भ - ६: बहुपक्षीय साझेदारी र समन्वयात्मक कार्यान्वयनन

### रणनीति तथा कार्यनीति

| **रणनीतिक स्तम्भ नम्बर १ - स्वरोजगार प्रवर्द्धन तथा प्रतिस्पर्धी श्रमशक्ति निर्माण** | |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| १.१ कृषि, उत्पादन, निर्माण, पर्यटन र आई.टी क्षेत्रसँग सम्बन्धित अवसरको सिर्जना | **१.१ कृषि क्षेत्र**<br>१.१.१ सिंचाई, कृषि उपकरण र प्रविधि उपलब्ध गराई उच्च मूल्यका बाली उत्पादनमा जोड दिइने छ।<br>१.१.२ मुख्य अन्नबाली, नगदे बाली र उच्च सम्भावनायुक्त उपक्षेत्रको विकासका लागि प्रोत्साहन र पूर्वाधार निर्माण गरिने छ।<br>१.१.३ कृषि प्रवर्द्धनका लागि पूर्वाधार विस्तार र लक्षित उपक्षेत्रलाई प्रोत्साहन दिइने छ।<br>१.१.४ उपक्षेत्र छनोट गर्दा खाद्य सुरक्षा, रोजगारी र निर्यात सम्भावनालाई प्राथमिकता दिइने छ।<br>१.१.५ निर्यातमुखी बालीमा उत्पादकत्व वृद्धि गरी प्रतिस्पर्धात्मक क्षमता र बजारीकरणमा जोड दिइने छ।<br>१.१.६ भू-चक्लाबन्दी, सहकारी/सामूहिक खेती, साना बचत तथा सीप विकासमार्फत कृषि व्यवसायिकरण गरिने छ। |

| | |
|---|---|
| | १.१.७ सहकारीलाई उत्पादनदेखि बजारीकरणसम्म प्रभावकारी रूपमा परिचालन गरिने छ।<br>१.१.८ खाद्य गुणस्तर सुधारका लागि सेवा केन्द्र र सहकारीमार्फत कृषक समूहलाई सक्षम बनाइने छ।<br>१.१.९ युवा, महिला, दलित, अपाङ्गता भएका र सीमान्तकृत समूहलाई उद्यमशीलता तालिममा प्राथमिकता दिइने छ।<br>१.१.१० निजी क्षेत्रलाई व्यवसायिक कृषि रोजगारी सृजनामा प्रोत्साहन दिई सहुलियत र सहयोग उपलब्ध गराइने छ।<br>**१.२.उत्पादन क्षेत्र**<br>१.२.१ औद्योगिक व्यवसाय स्थापनाका लागि अनुमति, दर्ता र कर प्रणाली एकीकृत गर्न प्रोत्साहन गरिनुका साथै असंगठित रूपमा स्थापित व्यवसायहरूलाई कानुनी दायरामा ल्याइने छ।<br>१.२.२ स्थानिय श्रममा आधारित उद्योगहरूलाई प्रोत्साहन दिईने छ।<br>१.२.३ तुलनात्मक रुपमा पछाडी परेका र न्युन विकास भएका क्षेत्रमा लगानी प्रवर्द्धन गर्न प्रोत्साहन र विशेष सुविधा उपलब्ध गराईने छ।<br>१.२.४ उत्पादनशिल रोजगारी सिर्जना गर्न उच्च सम्भावना रहेका उत्पादन उप क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी आकर्षित र प्रोत्साहन गरिने छ।<br>१.२.५ साना, मझौला र ठूला उद्योगहरूको विकास र विस्तार गरिने छ।<br>१.२. ६ स्थानीय स्रोतमा आधारित साना उद्योगहरूलाई वित्तीय, सीप, प्रविधि र बजार पहुँचको माध्यमबाट सबलीकरण गरिने छ।<br>१.२.७ श्रम उत्पादकत्व वृद्धि गर्नका निम्ति उत्पादन फर्महरूलाई आफना उत्पादन र प्रकियामा सुधार ल्याउन प्रोत्साहन गरिने छ।<br>१.२.८ वित्तीय साक्षरता र वित्तीय पहुँचमार्फत उद्यमशीलता प्रवर्द्धन गरिने छ।<br>१.२.९ श्रम बजारको मागबमोजिम रोजगारउन्मुख व्यावसायिक सीप प्रदान गरी रोजगारीमा आवद्द गरिने छ।<br><br>**१.३.निर्माण क्षेत्र**<br>१.३.१ पूर्वाधार क्षेत्रमा दक्ष जनशक्ति उपलब्ध गराउन सोसम्बन्धी आवश्यक तालिम तथा गुणस्तरमा उल्लेखनिय वृद्धि गरिने छ। विदेशबाट सीप तथा अनुभव हासिल गरी स्वदेश फर्किएका दक्ष व्यक्तिलाई स्वदेश |

| | |
|---|---|
| | भित्रै रोजगार उपलब्ध गराउन निजि क्षेत्रका निर्माण व्यवसायीलाई प्रोत्साहन गरिने छ।<br>१.३.२ पूर्वाधार निर्माण क्षेत्रमा दिगो रोजगारीका अवसर सिर्जना गर्न सीप विकास कार्यक्रमलाई मुख्य रूपमा विकास गरिने छ।<br>१.३.३ सडक परियोजनाहरू निर्माण गर्दा स्थानीय सीप, श्रोत साधनको उच्चतम प्रयोग गरी रोजगारीका अवसर सिर्जना गर्न जोड दिईने छ।<br>१.३.४ उच्च र न्यून दुवै किसिमका सीप भएका रोजगारी सिर्जनाका निम्ति सम्भाव्य परियोजनाहरूको अध्ययन अनुसन्धान तथा कार्यान्वयननका लागि सकारात्मक वातावरण सिर्जना गरिने छ।<br>**१.४. पर्यटन क्षेत्र**<br>१.४.१ तुलनात्मक लाभ रहेको र बढि रोजगारी सृजना हुने ग्रामिण पर्यटनलाई विशेष प्राथमिकता दिईने छ।<br>१.४.२ पर्यटन क्षेत्रको विकासका निम्ति लगानी प्रर्वद्धन गर्दै ट्राभल तथा होटल व्यवसायमा सेवा तथा उत्पादनमूलक रोजगार र पेशागत दक्षता अभिवृद्धिका उपायहरू कार्यान्वयननमा ल्याईने छ।<br>१.४.३ रोजगारी गुणस्तरमा सुधार ल्याउन पर्यटन उद्योगलाई आवश्यक जनशक्ति पूर्ति गर्न मानव श्रोत विकासका निम्ति अध्ययन, अनुसन्धान र प्रशिक्षण केन्द्रहरू स्थापना गर्न निजि क्षेत्रलाई प्रोत्साहित गरिने छ।<br>**१.५.सूचना प्रविधि क्षेत्र**<br>१.५.१ सूचना प्रविधिका लागि आवश्यक जनशक्ति तयार पार्न सूचना प्रविधीको अध्यापन, अनुसन्धान र विकासका निम्ति निजि क्षेत्रलाई प्रोत्साहित गरिने छ।<br>१.५.२ विद्यालय तहदेखि नै कम्प्युटर शिक्षा प्रदान गर्न जोड दिईने छ।<br>१.५.३ सूचना प्रविधि विषयमा उच्च शिक्षा प्राप्त गर्न चाहने गरिब, जेहनदार, तथा विपन्न विद्यार्थीहरूका लागि आवश्यक छात्रवृती प्रदान गरिने छ।<br>१.५.४ सूचना प्रविधिको प्रयोगमा ल्याई ई-शिक्षा, ई-स्वास्थ्य र ई-गभर्नेन्स जस्ता क्षेत्रको प्रवर्द्धन र सूचना क्षेत्रको विकास गरी रोजगार सिर्जना गरिने छ। |
| १.२ प्रतिस्पर्धी दक्ष र नवप्रवर्तनशील श्रमशक्ति निर्माण | १.२.१ स्थानीय र बाह्य श्रम बजारको माग र आपूर्ति नियमितरूपमा विश्लेषण गरी रोजगारदाता, उद्योगी र समुदायसँग परामर्शमार्फत आवश्यक सीप पहिचान गरिने छ। |

| | |
|---|---|
| | १.२.२ तालिम प्रदायकसँग सहकार्यमा व्यावसायिक, प्राविधिक र उद्यमशीलता तालिम सञ्चालन गरी सीप हुनेलाई प्रमाणपत्र, नहुनेलाई तालिम अवधारणामा आधारित सीप दक्षता परीक्षण प्रणाली लागू गरिने छ।<br>१.२.३ नवप्रवर्तनशील सोच भएका सम्भाव्य उद्यमीलाई व्यवसाय योजना विकास, परामर्श र प्रतिस्पर्धात्मक स्टार्टअप अनुदान प्रदान गरिने छ।<br>१.२.४ रोजगार सेवा केन्द्र सुदृढ गर्दै श्रम सूचना, तालिम र वृत्ति परामर्श सेवा उपलब्ध गराउने; विद्यालयस्तरमै वृत्ति मार्गदर्शन र उद्यमशीलता शिक्षा समावेश गरिने छ।<br>१.२.५ डिजिटल सीप तालिम सञ्चालन गर्दै स्थानीय रोजगारी अवसर सार्वजनिक गर्न डिजिटल प्लेटफर्म प्रयोग गरिने छ। |
| १.३. एकीकृत श्रम तथा रोजगार सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउने | १.३.१ एकीकृत श्रम तथा रोजगार सेवा प्रवाह र रोजगार सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक नीतिगत एवम् कानुनी, संरचना सुदृढिकरण गरिने छ।<br>१.३.२ सीप तालिम, तालिमपश्चात अभ्यास, रोजगार विनिमय, उद्यम विकासमा लगायतका विषयमा निजी क्षेत्रको संलग्नता सुनिश्चित गर्न सार्वजनिक, निजि साझेदारी प्रक्रिया अवलम्वन गरिने छ।<br>१.३.३ श्रम तथा रोजगार सम्बन्धी स्थानीय नीति, योजना र कार्यक्रमहरूलाई संघ, प्रदेश सरकारका नीति तथा योजनासँग सामञ्जस्यता कायम गर्दै एकीकृत श्रम तथा रोजगार सेवा प्रवाहमा जोड दिईने छ। |
| **रणनीतिक स्तम्भ नम्बर २ - सुरक्षित, मर्यादित र सामाजिक सुरक्षायुक्त रोजगारीको प्रवर्द्धन** | |
| **रणनीति** | **कार्यनीति** |
| २.१ सुरक्षित, मर्यादित र सामाजिक सुरक्षासहितको रोजगारी प्रवर्द्धन गर्दै श्रमको सम्मान सुनिश्चित गर्ने | २.१.१ श्रमिक अधिकार संरक्षण र श्रमको मर्यादा प्रवर्द्धन गरिने छ।<br>२.१.२ कार्यस्थलमा सुरक्षित र स्वास्थ्यकर वातावरण सुनिश्चित गरिने छ<br>२.१.३ सामाजिक सुरक्षा पहुँच विस्तार गरिने छ।<br>२.१.४ श्रमिक दर्ता, श्रम अनुशासन र नियमन प्रणाली सुदृढ गरिने छ।<br>२.१.५ श्रमिकका लागि परामर्श, गुनासो व्यवस्थापन र सहजीकरण सेवा प्रदान गरिने छ।<br>२.१.६ श्रमको सम्मान अभियान सञ्चालन गरिने छ। |
| **रणनीतिक स्तम्भ नम्बर ३ - व्यवस्थित बैदेशिक रोजगारी र आन्तरीक रोजगारी सिर्जनामा प्राथमिकता** | |

| रणनीति | कार्यनीति |
|---|---|
| ३. युवा लक्षित रोजगारका अवसरहरू सिर्जना गर्न प्राथमिकता दिने र आप्रवासी तथा प्रवासी कामदारको व्यस्थापन | ३.१ वैदेशिक रोजगारको लागि दिईने सेवालाई स्थानीय तह सम्म विस्तारका लागि पहल गरिने छ।<br>३.२ श्रम बजारमा प्रवेश गर्न चाहने युवालाई स्थानीय रोजगारीका अवसरमा जोड्दै वैदेशिक रोजगारको मागअनुसार सीप विकास तालिम सुविधा र अनुगमन प्रणाली सुदृढ गरिने छ।<br>३.३ महिला उद्यमीशिलता विकास गर्न तथा महिलालाई उद्यमी हुन प्रोत्साहन गर्नका लागि विशेष प्रावधानहरूलाई प्रभावकारी रुपमा कार्यान्वयनन गरिने छ<br>३.४ महिलाहरूका निम्ति सुरक्षित र मर्यादित वैदेशिक रोजगार सुनिश्चित गर्न जोड दिईने छ<br>३.५ सामाजिक र आर्थिक उद्यमशिलता विकास गरी युवा रोजगार, स्वरोजगार र सामाजिक कार्यहरूमा अवसर प्रदान गरिने छ।<br>३.६ युवाहरूको निम्ति कृषिमा आधारित उद्योगहरू, परम्परागत पेसा, स्थानिय श्रोतसाधनका साथै नवीनतम र नयाँ सूचना प्रविधीलाई प्रोत्साहन गरिने छ।<br>३.७ न्युनतम रोजगार प्रत्याभुत गर्ने योजना आरम्भ गरिने छ<br>३.८ वैदेशिक रोजगारीबाट स्वदेश फर्किएका युवाहरूको लागि उद्यमशीलता, कृषिको आधुनिकीकरण र व्यवसायिकीकरणका निम्ति विशेष प्याकेज सहित सहुलियत उपलब्ध गराईने छ। |
| **रणनीतिक स्तम्भ नम्बर ४ - रोजगारसम्बन्धी तथ्याङ्क प्रणालीको सुदृढिकरण** | |
| **रणनीति** | **कार्यनीति** |
| ४. श्रम तथा रोजगार तथ्याङ्क प्रणालीको विकास र संस्थागत सुदृढिकरण | ४.१ श्रम तथा रोजगारी तथ्याङ्क सङ्कलन र अद्यावधिक गरिने छ।<br>४.२ डिजिटल तथ्याङ्क व्यवस्थापन प्रणाली स्थापना गरिने छ।<br>४.३ श्रमिक र रोजगारदाता दर्ता प्रणाली विकास गरिने छ।<br>४.४ तथ्याङ्क उपयोगमा आधारित निर्णय प्रवर्द्धन गरिने छ।<br>४.५ तीन तहका सरकार र निजी क्षेत्रसँग तथ्याङ्क समन्वय गरिने छ। |
| **रणनीतिक स्तम्भ नम्बर ५ - रोजगारीमा समावेशी पहुँच** | |
| **रणनीति** | **कार्यनीति** |
| ५. समावेशी समूहहरूलाई लक्षित गर्दै समान अवसरको | ५.१ लक्षित समुह लक्षित रोजगारी कार्यक्रम विकास गरिने छ।<br>५.२ रोजगारीमा पहुँच स्थापित गर्न नसकेका समुहका लागि सीप विकास सुनिश्चित गरिने छ। |

| | |
|---|---|
| आधारमा रोजगारी पहुँचको सुनिश्चितता। | ५.३ अनौपचारिक क्षेत्रमा क्रियाशील श्रमशक्तिलाई सामाजिक सुरक्षा र रोजगारी प्रोत्साहनमा पहुँच सुनिश्चित गरिने छ।<br>५.४ रोजगारीका लागि, सीप विकास, उद्यमशिलता तथा स्वरोजगार सम्बन्धी कार्यक्रमहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन गरिने छ। |
| **रणनीतिक स्तम्भ नम्बर ६ - बहुपक्षीय साझेदारी र समन्वयात्मक कार्यान्वयनन** | |
| **रणनीति** | **कार्यनीति** |
| ६. सहकार्य, समन्वय र साझेदारीमार्फत रोजगारीमैत्री नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयननको सुनिश्चितता | ६.१ तीन तह सरकारबीच नीति समन्वय, सहकार्य र साझेदारी सुनिश्चित गरिने छ।<br>६.२ निजि क्षेत्र, सहकारी, नागरिक समाज र गैरसरकारी संस्थाहरूसँग समन्वय, सहकार्य र साझेदारी विस्तार गरिने छ।<br>६.३ साझा योजना, कार्यक्रम र अनुगमन प्रणाली विकास गरिने छ।<br>६.४ रोजगार सेवा केन्द्रको सुदृढिकरण गर्दै सार्वजनिक रोजगार सेवाको प्रवर्द्धन गरिने छ। |

## ८.१ रोजगार रणनीतिक कार्यान्वयनन कार्ययोजना

| **क्र.सं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समयावधी** | **कार्यसम्पादन सूचक** | **बजेट रू. लाखमा** (वार्षिक कार्यक्रम बमोजिम हुने) | **जोखिम** |
|---|---|---|---|---|---|---|---|
| १ | **रणनीति : १.१ कृषि, उत्पादन, निर्माण, पर्यटन र आई.टी क्षेत्रसँग सम्बन्धित अवसरको सिर्जना** | | | | | | |
| | **१.१ कृषि क्षेत्र** | | | | | | |
| १.१.१ | कार्यनीतिः सिंचाई, कृषि उपकरण र प्रविधि उपलब्ध गराई उच्च मूल्यका बाली उत्पादनमा जोड दिइने छ। | | | | | | |
| | १. ड्रिप/स्प्रिंकलर सिंचाई प्रणाली विस्तार गर्ने।<br>२. यान्त्रिक उपकरण खरिदमा अनुदान कार्यक्रम सञ्चालन गर्ने। | कृषि विकास शाखा | सिंचाई डिभिजन, कृषि सहकारी | २०८३-२०८७ | सिंचित क्षेत्र, लाभान्वित कृषक संख्या | १५० | |
| १.१.२ | मुख्य अन्नबाली, नगदे बाली र उच्च सम्भावनायुक्त उपक्षेत्रको पूर्वाधार निर्माण गरिने छ। | | | | | | |
| | १. बाली उत्पादनका लागि सडक, गोदाम र भण्डारण पूर्वाधार निर्माण गर्ने।<br>२. नगदेबाली प्रबर्द्धन कार्यक्रम सञ्चालन गर्ने। | कृषि विकास शाखा | योजना शाखा, सडक डिभिजन, सहकारी, पूर्वाधार विकास शाखा | २०८३-२०८७ | पूर्वाधारको संख्या, उत्पादन वृद्धिदर | १०० | |
| १.१.३ | कृषि प्रवर्द्धनका लागि पूर्वाधार विस्तार र लक्षित उपक्षेत्रलाई प्रोत्साहन दिइने छ। | | | | | | |
| | १. कृषि सङ्कलन केन्द्र स्थापना गर्ने।<br>२. सिचाइ कुलो निर्माण गर्ने। | कृषि विकास शाखा | योजना शाखा, उपभोक्ता समिति | २०८३ -२०८५ | कृषि सङ्कलन केन्द्र संख्या, कुलो निर्माण मिटर | २५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.१.४ | उपक्षेत्र छनोट गर्दा खाद्य सुरक्षा, रोजगारी र निर्यात सम्भावनालाई प्राथमिकता दिइने छ। | | | | | | |
| | १. खाद्य सुरक्षा आधारमा उपक्षेत्र निर्धारण अध्ययन गर्ने।<br>२. रोजगारी सिर्जना विश्लेषण कार्यशाला सञ्चालन गर्ने। | कृषि विकास शाखा | रोजगार सेवा केन्द्र, स्वास्थ्य शाखा | २०८३-२०८५ | अध्ययन प्रतिवेदन, छलफल कार्यशाला संख्या | ५ | |
| १.१.५ | निर्यातमुखी बालीमा उत्पादकत्व वृद्धि गरी प्रतिस्पर्धात्मक क्षमता र बजारीकरणमा जोड दिइने छ। | | | | | | |
| | १. उन्नत बिउ वितरण कार्यक्रम सञ्चालन गर्ने।<br>२. बजारीकरण तालिम सञ्चालन गर्ने। | कृषि विकास शाखा | कृषि ज्ञान केन्द्र, रोजगार सेवा केन्द्र, निजी बिउ कम्पनी | २०८३-२०८७ | उत्पादन वृद्धिदर, तालिम सहभागी संख्या | ५५ | |
| १.१.६ | भू-चक्लाबन्दी, सहकारी/सामूहिक खेती, साना बचत तथा सीप विकासमार्फत कृषि व्यवसायीकरण गरिने छ। | | | | | | |
| | १. भू-चक्लाबन्दी पायलट कार्यक्रम सञ्चालन गर्ने।<br>२. सामूहिक खेती अभियान सञ्चालन गर्ने। | कृषि विकास शाखा | भूमि व्यवस्था शाखा, सहकारी | २०८३-२०८७ | सामूहिक खेतीको क्षेत्रफल, सहभागिता संख्या | ६० | |
| १.१.७ | सहकारीलाई उत्पादनदेखि बजारीकरणसम्म प्रभावकारी रूपमा परिचालन गरिने छ। | | | | | | |
| | १. सहकारी व्यवस्थापन तालिम सञ्चालन गर्ने।<br>२. बजार सहजीकरण अनुदान कार्यक्रम सञ्चालन गर्ने। | सहकारी शाखा | कृषि विकास शाखा, सहकारी संघ, | २०८३ -२०८५ | तालिम प्राप्त सहकारी संख्या, बजार बिक्री मात्रा | ३० | |
| १.१.८ | खाद्य गुणस्तर सुधारका लागि सेवा केन्द्र र सहकारीमार्फत कृषक समूहलाई सक्षम बनाइने छ। | | | | | | |
| | १. सेवा केन्द्रमार्फत कृषक तालिम सञ्चालन गर्ने। | कृषि विकास शाखा | स्वास्थ्य शाखा, खाद्य प्रविधि संस्था | २०८३-२०८७ | तालिम प्राप्त कृषक संख्या, परीक्षणको दर | ५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २. खाद्य परीक्षण सामग्री सहयोग कार्यक्रम सञ्चालन गर्ने। | | | | | | |
| १.१.९ | युवा, महिला, दलित, अपाङ्गता भएका र सीमान्तकृत समूहलाई उद्यमशीलता तालिममा प्राथमिकता दिइने छ। | | | | | | |
| | १. उद्यमशीलता तथा स्टार्टअप तालिम सञ्चालन गर्ने।<br>२. स्वरोजगार सहायता कार्यक्रम सञ्चालन गर्ने।<br>३. बेरोजगार युवाहरूलाई लक्षित बेमौसमी तरकारी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने। | कृषि विकास शाखा | रोजगार सेवा केन्द्र, स्वास्थ्य तथा सामाजिक विकास शाखा, निजी तालिम प्रदायक, | २०८३-२०८७ | सहभागी महिला/दलित संख्या, स्वरोजगार वृद्धिदर | १०० | |
| १.१.१० | निजी क्षेत्रलाई व्यवसायिक कृषि रोजगारी सृजनामा प्रोत्साहन दिई सहुलियत र सहयोग उपलब्ध गराइने छ। | | | | | | |
| | १ सार्वजनिक निजि साझेदारी मोडलमा कृषि परियोजना सञ्चालन गर्ने।<br>२. अनुदान र कर सहुलियत सुविधा कार्यक्रम सञ्चालन गर्ने। | योजना शाखा | निजी क्षेत्र, उद्योग वाणिज्य संघ, राजश्व शाखा | २०८३-२०८७ | निजी लगानी रकम, रोजगारी सिर्जना संख्या | १०० | |
| | **१.२ उत्पादन क्षेत्र** | | | | | | |
| १. २.१ | औद्योगिक व्यवसाय स्थापनाका लागि अनुमति, दर्ता र कर प्रणाली एकीकृत गर्न प्रोत्साहन गरिने छ तथा असंगठित रूपमा स्थापित व्यवसायहरूलाई कानुनी दायरामा ल्याइनेछ। | | | | | | |
| | १. एकद्वार प्रणाली सञ्चालन गर्ने<br>२. असंगठित उद्योग दर्ता प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने। | | प्रशासन, योजना तथा अनुगमन शाखा, कानुन इकाई | २०८३-२०८५ | एकद्वार प्रणाली सञ्चालन, दर्ता गरिएका व्यवसाय संख्या | २० | |
| १.२.२ | स्थानिय श्रममा आधारित उद्योगहरूलाई प्रोत्साहन दिईने छ। | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १. स्थानीय श्रममा आधारित उद्योग स्थापन र सञ्चालनका लागि प्रोत्साहनका कार्यकर्म सञ्चालन गर्ने<br>२. स्रोत नक्सांकन गरी उद्योग सम्भाव्यता अध्ययन गर्ने। | प्रशासन, योजना तथा अनुगमन शाखा, | CTEVT, रोजगार सेवा केन्द्र | २०८३-२०८७ | तालिम प्राप्त संख्या, नयाँ श्रम आधारित उद्योग संख्या | २० | |
| १.२.३ | तुलनात्मक रूपमा पछाडी परेका र न्युन विकास भएका क्षेत्रमा लगानी प्रवर्द्धन गर्न प्रोत्साहन र विशेष सुविधा उपलब्ध गराईने छ | | | | | | |
| | १. लगानी सम्भाव्यता अध्ययन गर्ने | प्रशासन, योजना तथा अनुगमन शाखा, | निजी क्षेत्र संघ, रोजगार सेवा केन्द्र, कृषि इकाई | २०८३ -२०८६ | अध्यन प्रतिवेदन | २० | |
| १.२.४ | उत्पादनशिल रोजगारी सिर्जना गर्न उच्च सम्भावना रहेका उत्पादन उप क्षेत्रमा लगानी आकर्षित र प्रोत्साहन गरिने छ। | | | | | | |
| | १. उत्पादन उपक्षेत्र पहिचान र प्रवर्द्धन सामग्री प्रकाशन गर्ने<br>२. लगानीकर्तासँग साझेदारी प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने। | प्रशासन, योजना तथा अनुगमन शाखा, | निजि लगानीकर्ता, सहकारी, व्यवसायिक लगानीकर्ता संघ, संस्था, निकाय | २०८३-२०८७ | प्रचार सामाग्री संख्या, प्रस्ताव संख्या | १५ | |
| १.२.५ | साना, मझौला र ठूला उद्योगहरूको विकास र विस्तार गरिने छ। | | | | | | |
| | १. उद्योग अनुदान सहयोग कार्यक्रम गर्ने।<br>२. उद्यम सञ्चालन तथा व्यवस्थापन सहजीकरण कार्यक्रम सञ्चालन गर्ने। | प्रशासन, योजना तथा अनुगमन शाखा, | सहकारी, निजी संघ संस्था | २०८३-२०८७ | अनुदान प्राप्त उद्योग संख्या, सहजीकरण केन्द्रको सेवा उपभोग संख्या | ७५ | |
| १.२.६ | स्थानीय स्रोतमा आधारित साना उद्योगहरूलाई वित्तीय, सीप, प्रविधि र बजार पहुँचको माध्यमबाट सबलीकरण गरिने छ। | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १. सीप अभिवृद्धि तालिम सञ्चालन गर्ने<br>२. स्थानीय उत्पादनको ब्राण्डिङ, मूल्य शृंखला र बजारीकरणका कार्यक्रम सञ्चालन गर्ने। | प्रशासन, योजना तथा अनुगमन शाखा, | कृषि विकास शाखा, रोजगार सेवा केन्द्र | २०८३-२०८६ | तालिम प्राप्त संख्या, ब्राण्डिङ गरिएका उत्पादन संख्या | २०० | |
| १.२.७ | श्रम उत्पादकत्व वृद्धि गर्नका निम्ति उत्पादन फर्महरूलाई आफ्ना उत्पादन र प्रकियामा सुधार ल्याउन प्रोत्साहन गरिने छ। | | | | | | |
| | १. उत्पादन नवप्रवर्तन प्रतिस्पर्धा अनुदान कार्यक्रम सञ्चालन गर्ने।<br>२. दक्षता सुधार तालिम सञ्चालन गर्ने। | प्रशासन, योजना तथा अनुगमन शाखा, | CTEVT, निजी फर्म, तालिम सेवा प्रदायक संस्था | २०८३-२०८७ | प्रतिस्पर्धामा सहभागी संख्या, सुधार लागू उद्योग संख्या | ५० | |
| १.२.८ | वित्तीय साक्षरता र वित्तीय पहुँच मार्फत उद्यमशीलता प्रवर्द्धन गरिने छ | | | | | | |
| | १. वित्तीय साक्षरता शिविर सञ्चालन गर्ने।<br>२. सहुलियत ऋण पहुँच कार्यक्रम सञ्चालन गर्ने। | आर्थिक प्रशासन शाखा | बैंकहरू, सहकारी, रोजगार सेवा केन्द्र, तालिम सेवा प्रदायक संस्था | २०८३-२०८७ | शिविर संख्या, ऋण प्राप्त लाभग्राही संख्या | १० | |
| १.२.९ | श्रम बजारको मागबमोजिम रोजगारउन्मुख व्यावसायिक सीप प्रदान गरी रोजगारीमा आवद्ध गरिने छ। | | | | | | |
| | १. श्रम बजार अध्ययन गर्ने।<br>२. माग आधारित सीप तालिम कार्यक्रम सञ्चालन गर्ने। | रोजगार सेवा केन्द्र | श्रम तथा रोजगार मन्त्रालय, विकास साझेदार, CTEVT | २०८३-२०८७ | अध्ययन प्रतिवेदन संख्या, रोजगारी प्राप्त संख्या | ७० | |
| | **१.३ निर्माण क्षेत्र** | | | | | | |
| | १.३.१ पूर्वाधार क्षेत्रमा दक्ष जनशक्ति उपलब्ध गराउन सोसम्बन्धी आवश्यक तालिम तथा गुणस्तरमा उल्लेखनिय वृद्धि गरिने छ। विदेशबाट सीप तथा अनुभव हासिल गरी स्वदेश फर्किएका दक्ष व्यक्तिलाई स्वदेश भित्रै रोजगार उपलब्ध गराउन निजि क्षेत्रका निर्माण व्यवसायीलाई प्रोत्साहन गरिने छ। | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १. निर्माणसम्बन्धी तालिम (मेसन, प्लम्बिङ, बार बाइन्डिङ, इलेक्ट्रिसियन) सञ्चालन गर्ने।<br>२. विदेशबाट फर्किएकाहरूलाई समावेश गर्दै निर्माण कम्पनीहरूसँग समन्वय गरी रोजगारी संयोजनका कार्यक्रम सञ्चालन गर्ने। | रोजगार सेवा केन्द्र | CTEVT, निजी निर्माण व्यवसायी, तालिम प्रदायक संस्था, श्रमिक संगठनहरू, निर्माण व्यवसायी संघ | २०८३-२०८७ | तालिम प्राप्त युवाको संख्या, रोजगारीमा समाहित विदेशबाट फर्किएका दक्ष व्यक्तिहरूको संख्या | २५ | |
| | १.३.२ पूर्वाधार निर्माण क्षेत्रमा दिगो रोजगारीका अवसर सिर्जना गर्न सीप विकास कार्यक्रमलाई मुख्य रूपमा विकास गरिने छ। | | | | | | |
| | १. निर्माण क्षेत्रमा दीर्घकालीन प्रशिक्षक उत्पादन तालिम कार्यक्रम सञ्चालन गर्ने।<br>२. स्थानीय निर्माण प्रविधिमा आधारित लघु परियोजनामा तालिमसहितको संलग्नता कार्यक्रम सञ्चालन गर्ने। | रोजगार सेवा केन्द्र | CTEVT, तालिम सेवा प्रदायक पुर्वाधार विकास शाखा, रोजगार सेवा केन्द्र | २०८३-२०८७ | प्रशिक्षित प्रशिक्षकहरूको संख्या, सहभागी लाभग्राहीको संख्या, सीपको मूल्याङ्कन प्रतिवेदन | २० | |
| | १.३.३ सडक परियोजनाहरू निर्माण गर्दा स्थानीय सीप, श्रोत साधनको उच्चतम प्रयोग गरी रोजगारीका अवसर सिर्जना गर्न जोड दिईने छ | | | | | | |
| | १. पूर्वाधार निर्माण कार्यक्रमहरूमा "स्थानीय श्रमिकलाई प्राथमिकता" कार्यक्रम सञ्चालन गर्ने।<br>२. मापदण्डअनुसार मजदुरीमा आधारित पूर्वाधार निर्माण कार्यक्रम सञ्चालन गर्ने। | पूर्वाधार विकास शाखा | खरिद इकाई, स्थानीय उपभोक्ता समिति, रोजगार सेवा केन्द्र | २०८३-२०८७ | स्थानीय श्रमिकको संलग्नता प्रतिशत, कार्यदिशमा नीति उल्लेख दर, स्थानीय श्रमिक रोजगारी दिन संख्या, नयाँ सडक निर्माण लम्बाइ (किमी) | १० | |
| | १.३.४ उच्च र न्यून दुवै किसिमका सीप भएका रोजगारी सिर्जनाका निम्ति सम्भाव्य परियोजनाहरूको अध्ययन अनुसन्धान तथा कार्यान्वयननका लागि सकारात्मक वातावरण सिर्जना गरिने छ। | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १. निर्माण क्षेत्रमा सम्भाव्य रोजगारी सिर्जना गर्न व्यवसायिक सीप भएका श्रम शक्तिको तथ्याङ्क एवम् प्रोफाईल कार्यक्रम सञ्चालन गर्ने।<br>२. विभिन्न सीपअनुसार श्रम—योजना भित्र समेटिएका निर्माण परियोजना विकास | प्रशासन, योजना तथा अनुगमन शाखा | रोजगार सेवा केन्द्र, निजी संघसंस्थाहरू. नगर कार्यपालिकाको कार्यालय, | २०८३-२०८७ | अध्ययन प्रतिवेदन तयार संख्य, नीति सिफारिस संख्या, सम्भाव्य परियोजना संख्या, | २० | |
| | **१.४ पर्यटन क्षेत्र** | | | | | | |
| १.४.१ | तुलनात्मक लाभ रहेको र बढि रोजगारी सृजना हुने ग्रामिण पर्यटनलाई विशेष प्राथमिकता दिईने छ। | | | | | | |
| | १. ग्रामिण पर्यटन सम्भाव्यता अध्ययन एवम् गन्तव्य पहिचानसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।<br>२. होमस्टे कार्यक्रम विस्तार र स्तरोन्नति गर्ने।<br>३. पर्यटकीय स्थलहरूको संरक्षण गर्ने।<br>४. स्थानीय उत्पादन/संस्कृति प्रदर्शनी मेला आयोजना। | गोदावरी नगरपालिका | होमस्टे संघ, पर्यटन इकाई, वडा कार्यालयहरू, | २०८३-२०८७ | स्थापना/स्तरोन्नति भएका होमस्टे संख्या, पहिचान भएका गन्तव्यहरूको संख्या, पर्दशनी मेलाको संख्या | ७५ | |
| १.४.२ | पर्यटन क्षेत्रको विकासका निम्ति लगानी प्रर्वद्धन गर्दै ट्राभल तथा होटल व्यवसायमा सेवा तथा उत्पादनमूलक रोजगार र पेशागत दक्षता अभिवृद्धिका उपायहरू कार्यान्वयननमा ल्याईने छ। | | | | | | |
| | १. होटल तथा ट्राभल व्यवसाय सम्बन्धी पेशागत दक्षता अभिवृद्धि तालिम सञ्चालन गर्ने। | गोदावरी नगरपालिका | होटल व्यवसायी संघ/महासंघ, रोजगार सेवा केन्द्र, | २०८३-२०८७ | तालिम प्राप्त व्यक्तिको संख्या, दर्ता भएको नयाँ ट्राभल कम्पनी संख्या, | २० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २. ट्राभल एजेन्सी तथा होटल व्यवसाय सुरु गर्न चाहनेहरूलाई दर्ता सहजीकरण गर्ने। | | | | रोजगार सिर्जना संख्या | | |
| १.४.३ | रोजगारी गुणस्तरमा सुधार ल्याउन पर्यटन उद्योगलाई आवश्यक जनशक्ति पूर्ति गर्न मानव श्रोत विकासका निम्ति अध्ययन, अनुसन्धान र प्रशिक्षण केन्द्रहरू स्थापना गर्न निजि क्षेत्रलाई प्रोत्साहित गरिने छ। | | | | | | |
| | १. पर्यटनजन्य तालिम केन्द्रको सम्भाव्यता अध्ययन तथा निजी क्षेत्रसँग सार्वजनिक निजि साझेदारी मोडेलमा तालिम केन्द्र स्थापना र सञ्चालनका लागि सहजीकरण गर्ने। | गोदावरी नगरपालिका | होटल व्यवसायी संघ/महासंघ, तालिम सेवा प्रदायक | २०८३-२०८५ | अध्ययन प्रतिवेदन, स्थापना भएका तालिम केन्द्रको संख्या | १० | |
| | **१.५ सूचना प्रविधि क्षेत्र** | | | | | | |
| १.५.१ | सूचना प्रविधिका लागि आवश्यक जनशक्ति तयार पार्न सूचना प्रविधीको अध्यापन, अनुसन्धान र विकासका निम्ति निजि क्षेत्रलाई प्रोत्साहित गरिने छ। | | | | | | |
| | १. सूचना प्रविधीको अध्ययन, अनुसन्धान र विकासका लागि निजि क्षेत्रलाई प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन गर्ने।<br>२. सूचना प्रविधीसम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने। | गोदावरी नगरपालिका | सूचना प्रबिधि इकाई | २०८३-२०८७ | अध्यन प्रतिवेदन, क्षमता अभिवृद्धि कार्यक्रममा सहभगी संख्या | ५० | |
| १.५.२ | विद्यालय तहदेखि नै कम्प्युटर शिक्षा प्रदान गर्न जोड दिईने छ। | | | | | | |
| | १. प्रत्येक माध्यमिक विद्यालयमा कम्प्युटर ल्याब स्थापना गर्ने।<br>१. ICT शिक्षक तालिम कार्यक्रम सञ्चालन गर्ने। | शिक्षा, युवा तथा खेलकुद शाखा | विद्यालय व्यवस्थापन समिति, रोजगार सेवा केन्द्र, | २०८३-२०८६ | कम्प्युटर ल्याब संख्या, तालिम प्राप्त शिक्षक संख्या | ५० | |
| १.५.३ | सूचना प्रविधि विषयमा उच्च शिक्षा प्राप्त गर्न चाहने गरिब, जेहनदार, तथा विपन्न विद्यार्थीहरूका लागि आवश्यक छात्रवृती प्रदान गरिने छ | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २. सूचना प्रविधिमा उच्च शिक्षा अध्ययन गर्नेका लागि छात्रवृत्ति योजना सञ्चालन गर्ने।<br>३. विपन्न विद्यार्थी छनोट तथा अनुगमन प्रणाली विकास गर्ने | शिक्षा, युवा तथा खेलकुद शाखा | विद्यालय व्यवस्थापन समिति, महिला बालबालिका तथा समाजकल्याण उपशाखा | २०८३-२०८७ | छात्रवृत्ति प्राप्त विद्यार्थी संख्या, अनुगमन मुल्यांकन प्रतिवेदन | २० | |
| १.५.४ | सूचना प्रविधिको प्रयोगमा ल्याई ई शिक्षा, ई स्वास्थ्य र ई गभर्नेन्स जस्ता क्षेत्रको प्रवर्द्धन र सूचना क्षेत्रको विकास गरी रोजगार सिर्जना गरिने छ। | | | | | | |
| | १. ई-शिक्षा, ई-स्वास्थ्य कार्यक्रम विस्तारका लागि अध्यन गर्ने।<br>२. नगरपालिका सेवा प्रणालीमा ई-गभर्नेन्स प्रणाली कार्यान्वयनन गर्ने। | प्रशासन, योजना तथा अनुगमन शाखा | शिक्षा, युवा तथा खेलकुद शाखा | २०८३-२०८७ | सञ्चालनमा आएका ई-शिक्षा केन्द्र, ई-गभर्नेन्स सेवाको अभिलेखहरू | २० | |
| | **रणनीतिः १.२ प्रतिस्पर्धी दक्ष र नवप्रवर्तनशील श्रमशक्ति निर्माण** | | | | | | |
| १.२.१ | स्थानीय र बाह्य श्रम बजारको माग र आपूर्ति नियमितरूपमा विश्लेषण गरी रोजगारदाता, उद्योगी र समुदायसँग परामर्शमार्फत आवश्यक सीप पहिचान गरिने छ। | | | | | | |
| | १. श्रम बजार माग र आपूर्ति विश्लेषण गर्ने।<br>२. रोजगारदाता, तालिम सेवा प्रदायकहरूको नक्शांकन गर्ने।<br>३. प्रमुख रोजगारी क्षेत्र पहिचानसम्बन्धी अध्ययन गर्ने।<br>४. रोजगारदाता र उद्योगीहरूसँग परामर्श कार्यक्रम सञ्चालन गर्ने। | रोजगार सेवा केन्द्र | निजी क्षेत्र, उद्योग वाणिज्य संघ, गोदावरी नगरपालिका | २०८३-२०८७ | श्रम बजारको विश्लेषण प्रतिवेदन, परामर्श कार्यक्रम संख्या, अध्यन प्रतिवेदन, प्रवासी श्रमिक अभिलेख | ५० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ५. स्थानीय एवम् प्रवासी श्रमिकको अनुभवको अभिलेखिकरण कार्यक्रम सञ्चालन गर्ने। | | | | | | |
| १.२.२ | तालिम प्रदायकसँग सहकार्यमा व्यावसायिक, प्राविधिक र उद्यमशीलता तालिम सञ्चालन गरी "सीप हुनेलाई प्रमाणपत्र, नहुनेलाई तालिम" अवधारणामा आधारित सीप दक्षता परीक्षण प्रणाली लागू गरिने छ। | | | | | | |
| | १. दक्षता मूल्याङ्कन/सीप परिक्षण तथा प्रमाणिकरण प्रणाली सञ्चालन गर्ने।<br>२. बेरोजगार युवालाई श्रम बजारको माग अनुसारको निःशुल्क सीप तालिम सञ्चालन गर्ने।<br>३. तालिम पश्चात रोजगार, रोजगारीमा रहेकाहरूलाई सीप अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने। | रोजगार सेवा केन्द्र | नगरपालिका, निजी तालिम सेवा प्रदायक, प्रशासन, प्राबिधिक एवम् व्यावसायिक शिक्षा परिषद | २०८३-२०८६ | प्रमाणपत्र वितरणको संख्या, तालिममा सहभागी संख्या, अनुगमन प्रतिवेदन, | ५० | |
| १.२.३ | नवप्रवर्तनशील सोच भएका सम्भाव्य उद्यमीलाई व्यवसाय योजना विकास, परामर्श र प्रतिस्पर्धात्मक स्टार्टअप अनुदान प्रदान गरिने छ। | | | | | | |
| | १. स्टार्टअप व्यवसाय योजना प्रतियोगिता आयोजना सञ्चालन गर्ने<br>२. व्यवसाय परामर्श तथा इन्क्यूबेसन सेवा प्रवाह गर्ने।<br>३. अनुदान तथा ऋण सहजीकरण कार्यक्रम सञ्चालन गर्ने | रोजगार सेवा केन्द्र | व्यवसाय विकास सेवा प्रदायक संस्था, बैंक तथा वित्त संस्था, आर्थिक तथा प्रशासन शाखा, स्वास्थ्य तथा सामाजिक विकास शाखा | २०८३-२०८५ | | १५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.२.४ | रोजगार सेवा केन्द्र सुदृढ गर्दै श्रम सूचना, तालिम र वृत्ति परामर्श सेवा उपलब्ध गराउने; विद्यालयस्तरमै वृत्ति मार्गदर्शन र उद्यमशीलता शिक्षा समावेश गरिने छ। | | | | | | |
| | १. प्रभावकारी रोजगार सेवा प्रवाहका लागि रोजगार सेवा केन्द्रको भौतिक र प्राविधिक सुदृढीकरण गर्ने।<br>२. वृत्ति परामर्श, व्यवसाय परामर्श, रोजगार परामर्श लगयत परामर्श कार्यक्रमहरू सञ्चालन गर्ने<br>३. स्थानीय पाठ्यक्रममा श्रमको सम्मान, जीवन उपयोगी सीप, उद्यमशीलता लगायतका विषयवस्तु समावेस गर्ने। | गोदावरी नगरपालिका | रोजगार सेवा केन्द्र, प्रशासन, योजना तथा अनुगमन शाखा, सामाजिक विकास मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २०८३-२०८६ | उद्यमशीलता पाठ्यक्रम लागू भएका विद्यालय संख्या,<br>सुदृध रोजगार सेवा केन्द्र,<br>वृत्ति परामर्शमा सहभागी संख्या | ३० | |
| १.२.५ | डिजिटल सीप तालिम सञ्चालन गर्दै स्थानीय रोजगारी अवसर सार्वजनिक गर्न डिजिटल प्लेटफर्म प्रयोग गरिने छ। | | | | | | |
| | १. डिजिटल साक्षरता तथा ICT सीप तालिम सञ्चालन गर्ने।<br>२. सामाजिक संजालको सदुपयोग तथा अनलाइन रोजगारी पोर्टल सञ्चालन गर्ने<br>३. डिजिटल उद्यमशीलता (freelancing, e-commerce) सहजीकरण कार्यक्रम सञ्चालन गर्ने | रोजगार सेवा केन्द्र | सूचना प्रबिधि इकाई, तालिम सेवा प्रदायक संस्था, प्रशासन, योजना तथा अनुगमन शाखा, | २०८३-२०८६ | पोर्टलमा सूचीबद्ध रोजगार अवसरको संख्या,<br>सूचना प्राप्त गर्नेहरूको संख्या,<br>डिजिटल उद्यमी बन्ने लाभ ग्राहीको संख्या | २० | |
| | **रणनीति १.३. एकीकृत श्रम तथा रोजगार सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउने** | | | | | | |
| १.३.१ | एकीकृत श्रम तथा रोजगार सेवा प्रवाह र रोजगार सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक नीतिगत एवम् कानुनी, संरचना सुदृढिकरण गरिने छ। | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १. . श्रम तथा रोजगार सम्बन्धी स्थानीय नीति निर्माण गर्ने<br>२. स्थानीय रोजगार सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि निर्माण गर्ने।<br>३. रोजगार सेवा केन्द्रको कार्यविवरण परिमार्जन/विकास गर्ने।<br>४. रोजगार सेवा केन्द्रको वार्षिक कार्ययोजना निर्माण र कार्यान्वयनन गर्ने<br>५. श्रमबजार सूचना. बेरोजगार तथा आन्तरिक रोजगार, वैदेशिक रोजगार आप्रवासी कामदारहरूको अभिलेख अद्यावधिक र सूचना प्रणालीलाई व्यवस्थित गर्ने। | गोदावरी नगरपालिका | कानुन इकाई, प्रशासन, योजना तथा अनुगमन शाखा | २०८३-२०८६ | श्रम रोजगार सम्बन्धी नीति, रोजगार सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, रोजगार सेवा केन्द्रको कार्य विवरण, श्रम बजार सूचना व्यवस्थापन | ३० | |
| १.३.२ | सीप तालिम, तालिमपश्चात अभ्यास, रोजगार विनिमय, उद्यम विकासमा लगायतका विषयमा निजी क्षेत्रको संलग्नता सुनिश्चित गर्न सार्वजनिक, निजि साझेदारी प्रक्रिया अवलम्वन गरिने छ। | | | | | | |
| | १. रोजगारोन्मुख सीप तालिम सञ्चालन गर्ने<br>२. निजी क्षेत्रसँग सहकार्यमा अन्तरक्रिया/रोजगार मेलाको आयोजना गर्ने<br>३. उद्यम विकासकोलागि वित्तीय साक्षारता, जीवन उपयोगी सीप तथा व्यावसायिक योजना तयारी सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने। | गोदावरी नगरपालिका | निजी क्षेत्र, तालिम प्रदायक संस्था, रोजगार सेवा केन्द्र, विकास साझेदार, स्थानीय गैरसरकारी संस्था | २०८३-२०८६ | सञ्चालन भएका तालिमहरूको संख्या, आयोजना गरिएका कार्यक्रमहरूको संख्या र सहभागी रोजगारदाताको संख्या, स्टार्टअपलाई प्राप्त | ५० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ४. तालिमपश्चात इन्टर्नसिप/अभ्यास र रोजगर विनिमयका लागि लागि निजी क्षेत्रसँग सम्झौताका लागि सिफारिस प्रणाली सञ्चालन गर्ने<br>५. निजी क्षेत्रमा रोजगारी सिर्जनाका लागि प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने | | | | सहयोग संख्या, सिर्जित रोजगारीको संख्या | | |
| १.३.३ | श्रम तथा रोजगारसम्बन्धी स्थानीय नीति, योजना र कार्यक्रमहरूलाई संघ, प्रदेशसरकारका नीति तथा योजनासँग सामन्जस्यता कायम गर्दै एकीकृत श्रम तथा रोजगार सेवा प्रवाहमा जोड दिईने छ। | | | | | | |
| | १. संघ, प्रदेश, स्थानीय सरकार बीच श्रम रोजगार सेवा प्रवाहका समन्वय गर्ने।<br>२. रोजगार सेवा केन्द्रको वार्षिक कार्य योजनामा संघ/प्रदेशका आवधिक योजना समावेश गर्ने।<br>३. नीति तथा कानुनको कार्यान्वयनन अनुगमन र मुल्यांकन, प्रतिवेदनहरू संघिय र प्रादेशिक सरकारसँग नियमति साझा गर्ने।<br>४. संघ, प्रदेश सरकार, नगरपालिका, विकास साझेदार, स्थानीय गैर सरकारी संघ संस्थाका श्रम रोजगारसम्बन्धी कार्यक्रम तथा सेवाहरूलाई एकीकृत गरी रोजगार सेवा केन्द्रमार्फत प्रवाह गर्ने। | रोजगार सेवा केन्द्र | नगरपालिका, नगरपालिका संघ, प्रशासन, योजना तथा अनुगमन शाखा, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सामाजिक विकास मन्त्रलय, सुदुरपश्चिम प्रदेश | २०८३-२०८६ | समन्वय बैठकहरू, पत्रहरू योजनामा समावेश भएका संघीय, प्रादेशिक प्राथमिकताहरूको संख्या,<br>विकास भएको र प्रयोगमा ल्याइएको सूचक प्रणाली | ५ | |
| २. | **रणनीति २.१ सुरक्षित, मर्यादित र सामाजिक सुरक्षासहितको रोजगारी प्रवर्द्धन गर्दै श्रमको सम्मान सुनिश्चित** | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.१.१ | श्रमिक अधिकार संरक्षण र श्रमको मर्यादा प्रवर्द्धन गरिने छ। | | | | | | |
| | १. श्रमसम्बन्धी जनचेतनामूलक अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।<br>२. श्रमिक अधिकारसम्वन्धी स्थानीय निर्देशिका निर्माण गर्ने।<br>३. रोजगारदाताहरूसँग श्रमिक अधिकारसम्बन्धी संवाद कार्यक्रम सञ्चालन गर्ने। | रोजगार सेवा केन्द्र | प्रशासन, योजना तथा अनुगमन शाखा, कानुन इकाई, श्रम तथा रोजगार कार्यालय, व्यवसायिक संघ, ट्रेड यूनियन | २०८३-२०८६ | निर्देशिका तयार भई कार्यान्वयननमा ल्याइएको, संवाद कार्यक्रम सम्पन्न वार्षिक प्रतिवेदन, संवाद कार्यक्रको सम्पन्न प्रतिवेदन | १० | |
| २.१.२ | कार्यस्थलमा सुरक्षित र स्वास्थ्यकर वातावरण सुनिश्चित गरिने छ | | | | | | |
| | १. कार्यस्थल सुरक्षा स्थिति मूल्यांकन तथा निरीक्षण गर्ने।<br>२. सुरक्षासामग्री वितरण तथा प्रयोग सम्बन्धी अभिमुखीकरण।<br>३ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी मापदण्ड कार्यान्वयन कार्यविधि निर्माण गर्ने। | रोजगार सेवा केन्द्र | प्रशासन,योजना तथा अनुगमन शाखा, स्वास्थ्य तथा सामाजिक विकास शाखा, श्रम निरीक्षक, | २०८३-२०८६ | कार्यस्थल निरीक्षण गरिएको परतिवेदन, कार्यविधि कार्यान्वनमा आएको, अभिमुखीकरण तालिम लिएका सहभागी संख्या | १० | |
| २.१.३ | सामाजिक सुरक्षा पहुँच विस्तार गरिने छ। | | | | | | |
| | १. सामाजिक सुरक्षा कोषमा श्रमिक दर्ता अभियान सञ्चालन गर्ने।<br>२. अनौपचारिक क्षेत्रका श्रमिकलाई समेट्नेगरी कार्यक्रम संचांलन गर्ने।<br>२. सामाजिक सुरक्षा जानकारी सम्बन्धी गोष्ठी, अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने। | रोजगार सेवा केन्द्र | सामाजिक सुरक्षा कोष, ट्रेड युनियन, महिला बालबालिका तथा समाजकल्याण उपशाखा | २०८३-२०८६ | सामाजिक सुरक्षामा श्रमिक दर्ता संख्या, योजना स्वीकृति र कार्यान्वयनन, गोष्ठ, अन्तरक्रिया सम्पन्न परतिवेदनहरू | २० | |
| २.१.४ | श्रमिक दर्ता, श्रम अनुशासन र नियमन प्रणाली सुदृढ गरिने छ। | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १. श्रमिक दर्ता प्रणालीलाई डिजिटलाइजेशन गर्ने<br>२. श्रमिक प्रोफाइल अद्यावधिक अभियान सञ्चालन गर्ने।<br>३. श्रम नियमनसम्बन्धी स्थानीय निर्देशिका निर्माण गर्ने। | रोजगार सेवा केन्द्र | IT सेवा प्रदायक वडा कार्यालय, स्वास्थ्य सामाजिक विकास शाखा श्रम कार्यालय, कानुन इकाई, | २०८३-२०८६ | प्रणाली सञ्चालनमा आएको, अद्यावधिक श्रमिक प्रोफाइल, निर्देशिका अनुमोदन र कार्यान्वयनन | ३० | |
| २.१.५ | श्रमिकका लागि परामर्श, गुनासो व्यवस्थापन र सहजीकरण सेवा प्रदान गरिने छ। | | | | | | |
| | १. श्रमिक सहायता डेस्क स्थापना गर्ने।<br>२. श्रमिक गुनासो दर्ता तथा समाधान प्रणाली विकास गर्ने।<br>३. मनोसामाजिक परामर्श सेवा सञ्चालन गर्ने। | रोजगार सेवा केन्द्र | स्वास्थ्य सामाजिक विकास शाखा, प्रशासन शाखा, कानुन इकाई, | २०८३-२०८६ | डेस्क स्थापना भएको, प्रणाली प्रयोगमा आएको, श्रमिकलाई सेवा प्रदान गरेको तथ्याङ्क | १० | |
| २.१.६ | श्रमको सम्मान अभियान सञ्चालन गरिने छ। | | | | | | |
| | १. श्रमको सम्मानसम्बन्धी सञ्चार मध्यमसँग सहकार्य गर्ने।<br>२. श्रमिक सम्मानसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।<br>३. श्रमिकहरूका सफलता कथा प्रकाशन गर्ने।<br>४. सरोकारवालाहरू बीच श्रम सम्मान सम्बन्धि अन्तरक्रिया र विद्यालय स्तरीय श्रम सम्मान अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | रोजगर सेवा केन्द्र | शिक्षा युवा तथा खेलकुद शाखा, स्वास्थ्य तथा सस्मजिक विकास शाखा, | २०८३-२०८६ | सन्देश प्रसारण, सफलता कथा प्रकाशन भएको, अन्तरक्रिया, अभिमुखिकरण कार्यक्रम सम्पन प्रतिवेदन। | २० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **३.** | **रणनीति ३ : युवा लक्षित रोजगारका अवसरहरू सिर्जना गर्न प्राथमिकता दिने र आप्रवासी तथा प्रवासी कामदारको व्यस्थापन** | | | | | |
| ३.१ | वैदेशिक रोजगारको लागि दिईने सेवालाई स्थानीय तह सम्म विस्तारका लागि पहल गरिने छ। | | | | | |
| | १. वैदेशिक रोजगार सहायता कक्ष सञ्चालन गर्ने। वैदेशिक रोजगार बोर्ड बिभाग तथा कन्सुलर सेवा विभागबाट प्रदान गरिने सेवाहरुलाइ रोजगार सेवा केन्द्रमार्फत प्रदान गर्नका लागि व्यवस्था गर्ने।<br>२. वैदेशिक रोजगारी पूर्व-परामर्श, वैदेशिक रोजगारीबाट फर्किएकाहरूलाई पुनस्थापना परामर्श सेवा सञ्चालन गर्ने।<br>३. वैदेशिक रोजगारका अवसर तथा आप्रवासनसम्बन्धी जोखिमबारे सचेतना कार्यक्रम सञ्चालन गर्ने। | गोदावरी नगरपालिका | रोजगार सेवा केन्द्र, श्रम कार्यालय, बैदेशिक रोजगर बिभाग, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय कन्सुलर सेव विभाग | २०८३-२०८६ | सहयता कक्ष, सेवा लिएका सेवाग्राही संख्या, | १० | |
| ३.२ | श्रम बजारमा प्रवेश गर्न चाहने युवालाई स्थानीय रोजगारीका अवसरमा जोड्दै वैदेशिक रोजगारको मागअनुसार सीप विकास तालिम सुविधा र अनुगमन प्रणाली सुदृढ गरिने छ। | | | | | |
| | १. युवाहरूका निम्ति रोजगारसम्बन्धी सूचना र कार्यक्रममा पहुँच बढाउन युवा परामर्श सेवा, कार्यक्रम र संयन्त्रहरू निर्माण गर्ने।<br>२. माग आधारित सीप तालिम तथा सञ्चालन गर्ने।<br>३. सीप परिक्षण तथा अनुगमन प्रणाली सञ्चालन गर्ने। | रोजगार सेवा केन्द्र | शिक्षा, युवा तथा खेलकुद शाखा, प्रशासन योजना तथा अनुगमन शाखा | २०८३-२०८६ | तालिम प्राप्त व्यक्तिको संख्या, सीप परिक्षण संख्या, परामर्श लिएका व्यक्तिको संख्या, | २० | |
| ३.३ | महिला उद्यमीशिलता विकास गर्न तथा महिलालाई उद्यमी हुन प्रोत्साहन गर्नका लागि विशेष प्रावधानहरूलाई प्रभावकारी रुपमा कार्यान्वयनन गरिने छ। | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १. महिला उद्यमशीलता सहुलियतपूर्ण कर्जा कार्यक्रम सञ्चालन गर्ने।<br>२. घरेलु उद्योग तथा व्यवसाय प्रवर्द्धन तालिम कार्यक्रम सञ्चालन गर्ने। | गोदावरी नगरपालिका | आर्थिक विकास शाखा, रोजगार सेवा केन्द्र, बैंक तथा वित्तीय संस्था, | २०८३-२०८६ | ऋण प्राप्त महिला संख्या,<br>तालिम सहभागी संख्या | ३० | |
| ३.४ | महिलाहरूका निम्ति सुरक्षित र मर्यादित वैदेशिक रोजगार सुनिश्चित गर्न जोड दिईने छ | | | | | | |
| | १. महिला श्रमिक पूर्वतयारी कक्षा सञ्चालन गर्ने।<br>२. सुरक्षित गन्तव्यसम्वन्धी सचेतना जानकारी, परामर्श सेवा सञ्चालन गर्ने। | रोजगार सेवा केन्द्र | महिला, बालबालिका तथा समाजकल्याण उपशाखा आप्रवासन स्रोत केन्द्र | २०८३-२०८६ | सहभागी महिला संख्या | १० | |
| ३.५ | सामाजिक र आर्थिक उद्यमशिलता विकास गरी युवा रोजगार, स्वरोजगार र सामाजिक कार्यहरूमा अवसर प्रदान गरिने छ। | | | | | | |
| | १. युवा सामाजिक उद्यम सशक्तिकरण कार्यक्रम सञ्चालन गर्ने।<br>२. समुदायमा आधारित उद्यम विकास तालिम सञ्चालन गर्ने। | रोजगार सेवा केन्द्र | शिक्षा, युवा तथा खेलकुद शाखा, आर्थिक विकास शाखा, युवा संस्थाहरू | २०८३-२०८६ | सहभागी उद्यम संख्या<br>प्रशिक्षित संख्या | २० | |
| ३.६ | युवाहरूको निम्ति कृषिमा आधारित उद्योगहरू, परम्परागत पेसा, स्थानिय श्रोतसाधनका साथै सूचना प्रविधीलाई प्रोत्साहन गरिने छ। | | | | | | |
| | १. स्थानीय युवा रोजगार कार्ययोजना तयारी गर्ने।<br>२. कृषि आधारित स्टार्टअप योजना सञ्चालन गर्ने।<br>३. परम्परागत पेसा पुनःस्थापन तथा सुदृढिकरण कार्यक्रम सञ्चालन गर्ने। | रोजगार सेवा केन्द्र | शिक्षा, युवा तथा खेलकुद शाखा, आर्थिक विकास शाखा, कृषि उपशाखा, युवा संस्थाहरू, | २०८३-२०८६ | स्टार्टअप प्रारम्भ संख्या,<br>संलग्न परिवार संख्या, लाभ ग्राही संख्या | १० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ४. सूचना प्रविधिमा आधरित युवा व्यवसाय प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने। | | | | | | |
| ३.७ | न्युनतम रोजगार प्रत्याभुत गर्ने योजना आरम्भ गरिने छ | | | | | | |
| | १. स्थानीय पूर्वाधारमा आधारित रोजगारी सिर्जना कार्यक्रम सञ्चालन गर्ने<br>२. सार्वजनिक सेवामा सहायक श्रमिक परिचालन कार्यक्रम सञ्चालन गर्ने<br>३. स्थानीय स्तरमा रोजगारी सूचना, बेरोजगार दर्ता र रोजगार मिलान, सिफारिस परामर्श सेवा सञ्चालन गर्ने। | गोदावरी नगरपालिका | रोजगार सेवा केन्द्र | २०८३-२०८६ | न्यूनतम रोजगारी प्रदान गरिएका व्यक्तिको संख्या, परिचालित अस्थायी श्रमिकको संख्या, बेरोजगार दर्ता, सिफारिस, रोजगार विनिमय संख्या | ४० | |
| ३.८ | वैदेशिक रोजगारीबाट स्वदेश फर्किएका युवाहरूको लागि उद्यमशीलता, कृषिको आधुनिकीकरण र व्यवसायिकरणका निम्ति विशेष प्याकेजसहित सहुलियत उपलब्ध गराईने छ। | | | | | | |
| | १. स्वदेश फर्किएका युवाहरूको लागि व्यवसाय परामर्श तथा प्राविधिक सहयोग कार्यक्रम सञ्चालन गर्ने।<br>२. सहुलियतपूर्ण ब्याजदरमा ऋण, अनुदान, वा सह वित्तीय लगानी सहजीकरण कार्यक्रम सञ्चालन गर्ने।<br>३. उद्यमशीलता अभिमुखीकरण तालिम कार्यक्रम सञ्चालन गर्ने। | गोदावरी नगरपालिका | रोजगार सेवा केन्द्र, बैंक तथा वित्तीय संस्था, तालिम सेवा प्रदायक संस्था | २०८३-२०८६ | परामर्श तथा प्राविधिक सहयोग प्राप्त लाभग्राही संख्या, तालिम सम्पन्न प्रतिवेदन | १५ | |
| ४ | **रणनीति ४ : श्रम तथा रोजगार तथ्याङ्क प्रणालीको विकास र संस्थागत सुदृढिकरण** | | | | | | |
| ४.१ | श्रम तथा रोजगार तथ्याङ्क सङ्कलन र अद्यावधिक गरिने छ। | | | | | | |
| | १.श्रम तथा रोजगारसम्बन्धी तथ्याङ्क सङ्कलन अभियान सञ्चालन गर्ने। | रोजगार सेवा केन्द्र | वडा कार्यालय, स्वास्थ्य तथा | २०८३-२०८६ | संकलित तथ्याङ्क विवरण | २० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २. वार्षिक तथ्याङ्क अद्यावधिक तालिका निर्माण गर्ने।<br>३. बेरोजगार व्यक्तिहरू, वैदेशिक रोजगारीमा गरएका व्यक्तिहरूको प्रोफाइल तयार गर्ने।<br>४. रोजगारदाता, तालिम सेवा प्रदायक, व्यवसाय विकास सेवा प्रदायक, लागयतका श्रम रोजगार सेवा प्रदायकहरूको तथ्याङ्क अद्यावधिक गर्ने। | | सामाजिक विकास शाखा, | | अद्यावधिक तथ्याङ्क प्रतिवेदन, व्यक्तिगत प्रोफाइलहरू | | |
| ४.२ | डिजिटल तथ्याङ्क व्यवस्थापन प्रणाली स्थापना गरिने छ। | | | | | | |
| | १. श्रम तथा रोजगारसम्बन्धी एकीकृत तथ्याङ्क प्रणाली निर्माण गर्ने।<br>२. तथ्याङ्क प्रणाली सञ्चालन , व्यवस्थापनसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | गोदावरी नगरपालिका | तथ्याङ्क प्रणाली विकास सेवा प्रदायक प्राबिधिक संस्था, तथ्याङ्क कार्यालय, श्रम कार्यालय, निजि संघ सस्थाहरू, विकास साझेदारहहरू | २०८३-२०८६ | सफ्टवेयर सञ्चालनमा आएको अवस्था, तालिम प्राप्त कर्मचारी संख्या | १० | |
| ४.३ | श्रमिक र रोजगारदाता दर्ता प्रणाली विकास गरिने छ। | | | | | | |
| | १. रोजगारदाता, तालिम सेवा प्रदायक, व्यवसाय विकास सेवा प्रदायकलगायतका श्रम रोजगार सेवा प्रदायकहरूको सुचिकृत गर्ने। | रोजगार सेवा केन्द्र | स्वास्थ्य तथा सामाजिक विकास शाखा, | २०८३-२०८६ | दर्ता भएका श्रमिकहरूको संख्या दर्ता गरिएका रोजगारदाता संख्या | ५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २. बेरोजगार व्यक्तिहरूको सुचिकृत अभियान सञ्चालन गर्ने।<br>३. वैदेशिक रोजगारीमा जान चाहने र वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको सुचिकृत गने अभियान सञ्चालन गर्ने। | | वडा कार्यालय, निजि संघ संस्था | | | | |
| ४.४ | तथ्याङ्क उपयोगमा आधारित निर्णय प्रवर्द्धन गरिने छ। | | | | | | |
| | १. नीतिगत निर्णयका लागि तथ्याङ्क सङ्कलन तथा विश्लेषण कार्यक्रम सञ्चालन गर्ने।<br>२. बजेट विनियोजनमा तथ्याङ्क को उपयोग अनिवार्य गर्ने।<br>३. श्रमिक लक्षित कार्यक्रम डिजाइनमा तथ्याङ्क प्रयोग गर्ने | गोदावरी नगरपालिका | वडा कार्यालय, योजना शाखा, रोजगार सेवा केन्द्र, तथ्याङ्क कार्यालय, श्रम कार्यालय | २०८३-२०८६ | आयोजना गरिएका कार्यशाला संख्या, तथ्याङ्क आधारित बजेट प्रस्ताव, तथ्याङ्क आधारित डिजाइन भएका कार्यक्रम संख्या | १० | |
| ४.५ | तीन तहका सरकार र निजी क्षेत्रसँग तथ्याङ्क समन्वय गरिने छ। | | | | | | |
| | १. तथ्याङ्क समन्वय संयन्त्र स्थापना गर्ने<br>२. डिजिटल तथ्याङ्क प्लेटफर्ममा सहकार्य गर्ने। | गोदावरी नगरपालिका | प्रदेश सरकर, संघिय सरकार, तथ्याङ्क कार्यालय, श्रम कार्यालय | २०८३-२०८६ | संयन्त्रको स्थापना, डिजिटल तथ्याङ्क प्लेटफर्महरू | १० | |
| **५** | **रणनीति ५ : समावेशी समूहहरूलाई लक्षित गर्दै समान अवसरको आधारमा रोजगारी पहुँचको सुनिश्चितता ।** | | | | | | |
| ५.१ | लक्षित समुह लक्षित रोजगारी कार्यक्रम विकास गरिने छ। | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १. दलित, महिला, अपाङ्गताभएका व्यक्तिहरूका लागि विशेष रोजगारी योजना सञ्चालन गर्ने।<br>२. सिमान्तकृत युवाहरूसँग परामर्श र कार्य योजना निर्माण गर्ने।<br>३. विपन्न परिवारलाई लक्षित स्वरोजगारी, उद्यमशीलता कार्यक्रम सञ्चालन गर्ने।<br>४. महिलालाई स्वरोजगारी र उद्यमतर्फ उन्मुख गर्ने तालिम कार्यक्रम सञ्चालन गर्ने। | रोजगार सेवा केन्द्र | स्वास्थ्य तथा सामाजिक विकास शाखा, शिक्षा युवा तथा खेलकुद शाखा, स्थानीय गैरसरकारी संस्था, निजि क्षेत्र, सहकारी | २०८३-२०८६ | लक्षित समूहका रोजगारीमा समावेश व्यक्तिको संख्या कार्य योजना, तालिम प्राप्त र उद्यम सुरु गरेका महिलाको संख्या | ३० | |
| ५.२ | रोजगारीमा पहुँच स्थापित गर्न नसकेका समुहका लागि सीप विकास सुनिश्चित गरिने छ। | | | | | | |
| | १. विद्यालय बाहिर रहेका किशोर किशोरीहरूका लागि प्राविधिक सीप तालिम कार्यक्रम सञ्चालन गर्ने।<br>२. विपन्न वर्ग र बेरोजगार युवालाई रोजगारी सीप, व्यवसायिक सीप, उद्यमशीलता विकास तालिम कार्यक्रम सञ्चालन गर्ने। | रोजगार सेवा केन्द्र | स्वास्थ्य तथा सामाजिक विकास शाखा, शिक्षा युवा तथा खेलकुद शाखा | २०८३-२०८६ | तालिममा सहभागीको संख्या र प्रमाणपत्र प्राप्त गर्ने संख्या सीप अनुसार रोजगारीमा आबद्ध हुने युवाको संख्या | २० | |
| ५.३ | अनौपचारिक क्षेत्रमा क्रियाशील श्रमशक्तिलाई सामाजिक सुरक्षा र रोजगारी प्रोत्साहनमा पहुँच सुनिश्चित गरिने छ। | | | | | | |
| | १. अनौपचारिक क्षेत्रका श्रमिकको तथ्याङ्क सङ्कलन गर्ने।<br>२. सामाजिक सुरक्षा कोष अन्तर्गत श्रमिकहरूलाई जानकारी तथा पहुँच विस्तार अभियान सञ्चालन गर्ने।<br>३. अनौपचारिक श्रमिकका लागि बीमा योजना प्रबर्द्धन गर्ने। | गोदावरी नगरपालिका | सामाजिक सुरक्षा कोष, रोजगार केन्द्र | २०८३-२०८६ | जानकारी प्राप्त र दर्ता भएका श्रमिकको संख्या, बीमा योजनामा आबद्ध लाभग्राहीको संख्या | २० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५.४ | रोजगारीका लागि, सीप विकास, उद्यमशिलता तथा स्वरोजगारसम्बन्धी कार्यक्रमहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन गरिने छ। | | | | | | |
| | १. महिला, जनजाति, दलितका लागि लक्षित उद्यम विकास तालिम सञ्चालन गर्ने तथा त्यस्ता तालिम कार्यकममा प्राथमिकता निर्धारण गर्ने।<br>२. लैङ्गिक समानता र सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने कार्यशाला तथा अभियान सञ्चालन गर्ने। | स्वास्थ्य तथा सामाजिक विकास शाखा | रोजगार सेवा केन्द्र, समावेसी समूह संजाल, वडा कार्यालय | २०८३-२०८६ | लैङ्गिक समानता र सामाजिक समावेसी सहभागीको प्रतिशत र उद्यम सुरु गर्नेको संख्या, कार्यशालामा सहभागी संख्या र सहभागिताको समावेशी अनुपात | १० | |
| ६ | **रणनीति ६ : सहकार्य, समन्वय र साझेदारीमार्फत रोजगारीमैत्री नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयननको सुनिश्चितता** | | | | | | |
| | ६.१ तीन तह सरकारबीच नीति समन्वय, सहकार्य र साझेदारी सुनिश्चित गरिने छ। | | | | | | |
| | १. रोजगारसम्बन्धी कार्य योजना निर्माण गर्दा संघ, प्रदेश सरकारका नीति योजनासँग तादम्यता कायम गर्ने।<br>२. संघ, प्रदेश सरकारका अनलाइन मध्यम, समन्वय प्लेटफर्महरूमा सहकार्य, समन्वय गर्ने।<br>३. नीतिगत दस्तावेजहरू अद्यावधिक तथा साझा गर्ने प्रणाली विकास तथा प्रभाकारी कार्यान्वयन गर्ने। | गोदावरी नगरपालिका | प्रदेश सरकार, संघिय मामिला तथा समन्वय प्रशासन मन्त्रलय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २०८३-२०८६ | तर्जुमा गरिएको कार्ययोजा, अनलाइन मध्यम वा प्लेटफर्महरूको प्रयोग संख्या, साझा गरिएका दस्तावेजहरू | ५ | |
| ६.२ | निजि क्षेत्र, सहकारी, नागरिक समाज र गैरसरकारी संस्थाहरूसँग समन्वय, सहकार्य र साझेदारी विस्तार गरिने छ। | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १. रोजगार सम्बन्धी बहुक्षेत्रीय समन्वय संयन्त्र निर्माण गर्ने।<br>२. सार्वजनिक-निजि साझेदारीमा सीप विकास कार्यक्रम सञ्चालन गर्ने।<br>३. रोजगार मेला, सीप मेला सञ्चालन गर्ने। | गोदावरी नगरपालिका | निजि क्षेत्र, सहकारी, बैंक, गैरसरकारी संस्था, विकास साझेदार संस्था | २०८३-२०८६ | समन्वय संयन्त्र, तालिमको संख्या र प्रशिक्षार्थीको संख्या मेलाको संख्या र सहभागिता | १० | |
| ६.३ | साझा योजना, कार्यक्रम र अनुगमन प्रणाली विकास गरिने छ। | | | | | | |
| | १. रोजगार कार्यक्रमको साझा योजना ढाँचा विकास गर्ने।<br>२. एकीकृत अनुगमन उपकरण/चेकलिष्ट निर्माण गर्ने।<br>४. बार्षिक कार्य प्रगतिमा साझा समीक्षा कार्यक्रम सञ्चालन गर्ने। | प्रशासन योजना तथा अनुगमन शाखा | निजि क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी संघ संस्था, श्रम कार्यालय, जिल्ला समन्वय समिति | २०८३-२०८६ | साझा ढाँचा निर्माण र प्रयोगमा आएको संख्या, साझा चेकलिष्टको प्रयोग संख्या, बार्षिक समीक्षा बैठक संख्या | ५ | |
| ६.४ | रोजगार सेवा केन्द्रको सुदृढिकरण गर्दै सार्वजनिक रोजगार सेवाको प्रवर्द्धन गरिने छ। | | | | | | |
| | १. रोजगार सेवा केन्द्रमा जनशक्ति तथा प्रविधि विस्तार गर्ने।<br>२. सेवा प्रवाहसम्बन्धी आवश्यक निर्देशिका तथा कर्यबिधिहरू निर्माण तथा समय सापेक्ष संसोधन।<br>३. रोजगार सूचना व्यवस्थापन प्रणाली सञ्चालन अथवा प्रदेश तथा संघीय सरकारको सूचना व्यवस्थापन प्रणालीमा आबद्ध गर्ने।<br>४ सार्वजनिक रोजगार सेवाको प्रवर्द्धन गर्दै एकीकृत रोजगार सेवा सञ्चालन गर्ने। | गोदावरी नगरपालिका | रोजगार सेवा केन्द्र, प्रदेश मन्त्रालय (सामाजिक विकास मन्त्रलय), श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रलय, विकास साझेदार संस्थाहरू | २०८३-२०८७ | जनशक्ति वृद्धि र सेवाबाट लाभान्वित संख्या, नीतिगत मार्गदर्शनको विकास तथा प्रयोग, MIS प्रणाली सञ्चालन र अद्यावधिक दर, सेवाबाट लाभान्वित हुने श्रमिकहरूको संख्या | २० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ५. रोजगार सेवा केन्द्रको सञ्चार रणनीति निर्माण र सार्वजनिक प्रचारप्रसार अभियान सञ्चालन गर्ने। | | | | | | |

## ८.२. रोजगार रणनीति नतिजा खाका

| क्र. स. | नतिजा सूचक | एकाइ | आधार तथ्याङ्क | लक्ष्य आर्थिक वर्ष अनुसार (प्रतिशत वृद्धि) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | २०८७/०८८ |
| १ | तालिम प्राप्त व्यक्तिको संख्यामा वृद्धि, स्वरोजगारमा लागेकाको प्रतिशत | संख्या /प्रतिशत | | ५ | १० | १० | १० | १० |
| २ | नवस्थापित उद्यम, व्यवसायको संख्या, अनुदान प्राप्त लाभग्राही संख्या | संख्या | | ५ | १० | १० | १० | १० |
| ३ | सामाजिक सुरक्षा प्रणालीमा समावेश लाभग्राही संख्या | जना | | ५ | १० | १० | १० | १० |
| ४ | श्रमसम्बन्धी उजुरीको संख्या र समाधान दर | संख्या | | ५ | १० | १० | १० | १० |
| ५ | योजना अन्तर्गत श्रमिक संलग्नता प्रतिशत | प्रतिशत | | ५ | १० | १० | १० | १० |
| ६ | कृषि/उद्योग क्षेत्रमा थपिएका श्रमिकको संख्या | जना | | ५ | १० | १० | १० | १० |
| ७ | अद्यावधिक तथ्याङ्क हुने दर, रोजगार तथ्याङ्क प्रकाशन | संख्या | | वार्षिक रुपमा प्रकाशन गर्ने | वार्षिक रुपमा प्रकाशन गर्ने | वार्षिक रुपमा प्रकाशन गर्ने | वार्षिक रुपमा प्रकाशन गर्ने | वार्षिक रुपमा प्रकाशन गर्ने |
| ८ | विश्लेषण प्रतिवेदनको संख्या, निर्णयमा प्रयोग | संख्या | | ५ | १० | १० | १० | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | लक्षित समूहबाट लाभ लिने संख्यामा वृद्धि | प्रतिशत | | ५ | १० | १० | १० | १० |
| १० | पिछडिएको समुदायबाट रोजगारीमा संलग्नको संख्या | संख्या | | ५ | १० | १० | १० | १० |
| ११ | साझेदार संस्थाको संख्यामा वृद्धि, सहकार्य परियोजना संख्या | संख्या | | ५ | १० | १० | १० | १० |
| १२ | समन्वय बैठक संख्या, निर्णय कार्यान्वयनन दर | संख्या/प्रतिशत | | ५ | १० | १० | १० | १० |

खण्ड - ९

**स्रोत परिचालन र बजेटको व्यवस्थापन**

यस रणनीतिक योजना कार्यान्वयननका लागि आवश्यक पर्ने स्रोत तथा वित्त व्यवस्थापन नेपाल सरकार, प्रदेश सरकार, नगरपालिकाको आन्तरिक स्रोत र विकास साझेदारहरूबाट प्राप्त हुने अपेक्षा गरिएको छ। प्राप्त स्रोत साधनहरूको परिचालन तथा व्यवस्थापन नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम र बजेटमार्फत नियमित रूपमा गरिने छ।

रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयननको लागि प्रदेश सरकार, संघीय सरकार, निजी क्षेत्र, सहकारी, विभिन्न विकास साझेदारहरू र स्थानीय गैरसरकारी संघसंस्थाहरूसँग समन्वय, सहकार्य र साझेदारी प्रक्रिया अवलम्बन गर्न सकिने छ।

## खण्ड - १०

**रणनीतिक योजनाको निर्देशक समिति अनुगमन र मूल्याङ्कनसम्बन्धी व्यवस्था**

**१) निर्देशक समिति :** गोदावरी नगरपालिकाले श्रम तथा रोजगारसम्बन्धी सेवाहरूलाई व्यवस्थित, गुणस्तरीय बनाउन तय गरेका नीति, कानुन र योजनाहरूको प्रभावकारी कार्यान्वयननका लागि देहायबमोजिमको स्थानीय निर्देशक समिति रहने छ।

| | |
|---|---|
| क) नगर प्रमुख | अध्यक्ष |
| ख) नगर उपप्रमुख | उपाध्यक्ष |
| ग) वडाध्यक्षहरू मध्येबाट नगर प्रमुखले तोकेको दुई जना | सदस्य |
| घ) कार्यपालिका सदस्यहरू मध्येबाट नगर प्रमुखले तोकेको एक जाना महिला | सदस्य |
| ङ) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| च) रोजगार संयोजक | सदस्य सचिव |

**२) समितिको बैठकसम्बन्धी व्यवस्थाः** निर्देशक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने छ, र सो बैठकको अध्यक्षता समितिका अध्यक्षले गर्ने छ। समितिको बैठकका लागि सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिने छ। समितिबाट गरिएका निर्णयहरू सदस्य सचिवले प्रमाणित गरी राखु पर्ने छ। बैठकसम्बन्धी अन्य कार्यविधिहरू स्थानीय निर्देशक समितिले आफैंले निर्धारण गरबमोजिम हुने छ।

**३) निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** स्थानीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :-

(क) नगरपालिका भित्रको श्रम बजारको माग र विद्यमान जनशक्तिको उपलब्धताको विश्लेषण र प्रक्षेपण गर्ने,

(ख) बेरोजगार व्यक्तिका लागि रोजगार वा स्वरोजगारको व्यवस्था गर्न आवश्यक नीति नगरकार्यपालिका समक्ष सिफारिस गर्ने,

(ग) नगरपालिका भित्रको बेरोजगार व्यक्तिको तथ्याङ्क अद्यावधिक अभिलेख तयार गर्न रोजगार सेवा केन्द्रलाई मार्गदर्शन गर्ने,

(घ) नगरपालिका भित्रको, रोजगारदाता, तालिम सेवा प्रदायक, अन्तरिक रोजगारीमा रहेका व्यक्ति, बैदेशिक रोजगारीमा रहेका व्यक्ति, श्रम तथा रोजगार सम्बन्धी सेवा प्रदायकहरूको तथ्याङ्क अद्यावधिक अभिलेख तयार गर्न रोजगार सेवा केन्द्रलाई मार्गदर्शन गर्ने,

(ङ) स्थानीय तहभित्र सञ्चालित रोजगार कार्यक्रम तथा बेरोजगार सहायता कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(च)नगर कार्यपालिकाले दिएको मार्गदर्शनबमोजिम काम गर्ने।

### ४) अनुगमन र मूल्याङ्कनसम्बन्धी व्यवस्था

रणनीतिक योजना कार्यान्वयननको चरणमा आउन सक्ने समस्या वा बाधाहरू समयमै पहिचान एवम् न्यूनीकरण गर्दै कार्यान्वयननलाई लक्ष्य उन्मुख बनाउनको लागि देहाएबमोजिमको व्यवस्था गरिएको छ।

### आवधिक समीक्षा

रणनीतिक योजना कार्यान्वयननको निरन्तर अनुगमनका लागि नगरपालिकामा एक अनुगमन संयन्त्र स्थापना गरिने छ। सोको पृष्ठपोषणका आधारमा योजनामा उल्लेखित क्रियाकलापको वार्षिक रूपमा समीक्षा गरिने छ।

### मध्यावधी मूल्याङ्कन

योजना कार्यान्वयननको तीन वर्षपछि गरिने छ। मध्यावती मूल्याङ्कन गर्दा उक्त अवधिसम्म हासिल भएका उपलब्धि एवम् कार्यान्वयननको सन्दर्भमा देखिएका कमी कमजोरी वस्तुगत विश्लेषण गरिने छ। मूल्याङ्कन अवधिमा भएका कानुनी तथा नीतिगत परिवर्तन उपलब्ध स्रोत साधनहरूको समेत समीक्षा गरी प्राप्त सुझावको आधारमा आवश्यकताअनुसार रणनीतिमा परिमार्जन गर्न सकिने छ।

### अन्तिम मूल्याङ्कनः

योजना कार्यान्वयननको अन्तिम अथवा पाँचौं वर्षमा चालु रणनीति योजनाको अन्तिम मूल्याङ्कन र आगामी रणनीतिक योजनाको पूर्व तयारी गरिने छ। यो मूल्याङ्कनबाट प्राप्त अनुभव तथा पृष्ठपोषणलाई दोस्रो रणनीति योजना निर्माणको आधारका रूपमा लिइने छ।

खण्ड - ११

**जोखिम व्यवस्थापन**

रणनीतिक योजना कार्यान्वयननको चरणमा आउन सक्ने जोखिमहरूलाई देहाएबमोजिम उल्लेख गरिएको छ ।

क) स्रोतको व्यवस्थापन

ख) सरकारी, गैर सरकारी र निजि क्षेत्रबीच प्रभावकारी समन्वय

ग) संघ, प्रदेश र स्थानीय तहको प्राथमिकताको सामन्जस्यता

घ) नीतिको स्वीकार्यता, निरन्तरता र कार्यान्वयनन

गोदावरी नगरपालिकाको रोजगार रणनीति कार्यान्वयननका क्रममा आउन सक्ने सम्भावित जोखिमहरूलाई न्युनिकरण गर्न पूर्वतयारीका साथ स्पष्ट जोखिम व्यवस्थापन योजना आवश्यक हुन्छ। स्रोत व्यवस्थापनको चुनौतीलाई सम्बोधन गर्न बजेटको पूर्वानुमान, प्राथमिकताका आधारमा कार्यक्रम छनोट, र संघ, प्रदेश तथा साझेदार निकायहरूसँग सहकार्यद्वारा स्रोत परिचालन गरिने छ। सरकारी, गैर सरकारी तथा निजी क्षेत्रबीच प्रभावकारी समन्वय कायम गर्न नियमित समन्वय बैठक, साझेदारी संयन्त्र स्थापना, र स्पष्ट भूमिकाको निर्धारण मार्फत आपसी उत्तरदायित्व तथा सहकार्य प्रवर्द्धन गरिने छ।

त्यसैगरी संघ, प्रदेश र स्थानीय तहको प्राथमिकता बीच सामन्जस्यता कायम गर्न नगरपालिकाले रणनीतिक समन्वय तथा संवाद, र सहकार्यमा जोड दिने छ। त्यसैगरी, नीतिको स्वीकार्यता, निरन्तरता र कार्यान्वयनन सुनिश्चित गर्न सबै सरोकारवालाको सहभागितासहित नीति निर्माण, राजनीतिक तथा प्रशासनिक तहमा स्वामित्व विकास, र अनुगमन प्रणालीको सुदृढीकरण गरिने छ। यी रणनीतिक उपायहरूले रोजगार रणनीति कार्यान्वयननमा आउने प्रमुख जोखिमहरूलाई न्युनिकरण गरी दीगो र प्रभावकारी कार्यान्वयनन सुनिश्चित गर्ने अपेक्षा गरिएको छ।